# प्रभाव दैनिक

National Daily

ई-पेपरका लागि

वर्ष ९ | अंक ३३७ | काठमाडौं | शुक्रबार, २४ चैत २०७९ | Prabhab National Daily | Friday, 07 April 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


प्रतिनिधिसभा सदस्य उपनिर्वाचन

## आचारसंहिताको अवधि आजदेखि सुरू

**काठमाडौं (प्रस)**– प्रतिनिधिसभा सदस्य उपनिर्वाचनका लागि आजदेखि आचारसंहिता लागू भएको छ । निर्वाचन आयोगले चितवन, बारा र तनहुँ जिल्लाभर आजदेखि निर्वाचन सम्पन्न नभएसम्मका लागि निर्वाचन आचारसंहिता, २०७९ को सम्पूर्ण व्यवस्था लागू गर्ने निर्णय बिहीबार गरेको हो ।

> आचारसंहिता अवधिभर तोकिएका निकाय, अधिकारी तथा व्यक्तिले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएकाबाहेकका अन्य कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, कुनै योजनाको शिलान्यास, उद्घाटन गर्न नपाइने

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी आजदेखि आचारसंहिता लागू गर्ने निर्णय गरिएको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए । आगामी वैशाख १० गते चितवन क्षेत्र नं २, बारा क्षेत्र नं २ र तनहुँ क्षेत्र नं १ मा उपनिर्वाचन हुँदै छ ।

संघीय सरकार र सरकारका मन्त्री, प्रदेश सरकार र प्रदेशका मन्त्री, संवैधानिक निकाय र सो निकायका पदाधिकारी, नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी, स्थानीय कार्यपालिका र सोका सदस्य, संघ, प्रदेश र स्थानीय तहका कर्मचारी, सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारीलाई आचारसंहिता लाग्ने आयोगले जनाएको छ ।

यस्तै सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी, राजनीतिक दल तथा राजनीतिक दलको भ्रातृ संगठन, उम्मेदवार तथा सम्बन्धित व्यक्ति, राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि, सार्वजनिक पद धारण गरेको व्यक्ति, अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता, पर्यवेक्षण संस्था तथा पर्यवेक्षक, सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मीलगायतले आचारसंहिताको पालना गर्नुपर्ने आयोगले स्पष्ट पारेको छ ।

निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी, विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी, मतदाता, विकास साझेदार संस्था, सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी, मतदाता शिक्षा कार्यक्रम सञ्चालन (बाँकी पृष्ठ २ मा)

# सरकारको मार्गचित्र तयार

न्यूनतम साझा कार्यक्रममार्फत सत्तारूढ १० दलीय गठबन्धनले प्रतिनिधिसभालाई पाँचै वर्ष टिकाउने सुनिश्चितताको प्रतिबद्धता जनाएको छ

■ **जेबी योञ्जन**

**काठमाडौं-** मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकिरहेका बेला पुष्पकमल दाहाल नेतृत्वको सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक भएको छ । सरकारको मार्गचित्रसमेत भनिने साझा कार्यक्रममार्फत सत्तारुढ १० दलीय गठबन्धनले प्रतिनिधिसभालाई पाँचै वर्ष टिकाउने सुनिश्चितताको प्रतिबद्धता जनाएको छ ।

- नागरिकता ऐन छ महिनामा पारित गरिसक्ने
- शान्ति प्रक्रियाका बाँकी काम दुई वर्षमा टुंग्याउने
- प्रतिनिधिसभा पाँचै वर्ष टिकाउने
- सत्य निरुपण र बेपत्ता पारिएका व्यक्तिको छानबिनबारेको ऐन पारित गर्ने
- संघीयता कार्यान्वयन प्रभावकारी ढंगले गर्ने



बिहीबार सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गर्न सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित कार्यक्रममा प्रधानमन्त्री पुष्पकमल दाहालसहित गठबन्धन दलका शीर्ष नेताहरु । *तस्बिर: रासस*

गठबन्धनले साझा कार्यक्रमको प्रस्तावनामै उल्लेख गरेको छ, 'संघीय लोकतान्त्रिक गणतन्त्र, संविधान र संसद्को रक्षार्थ भएको संघर्षको भावना अनुरूप प्रतिनिधिसभाको पूर्णकार्यकालको सुनिश्चितता गर्दछौं ।'

संविधानमा प्रतिनिधिसभाको कार्यकाल पाँच वर्ष तोकिएको छ । प्रतिनिधिसभाको प्रमुख विपक्षी दल नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भने देश मध्यावधि निर्वाचनमा जाने अभिव्यक्ति दिँदै आएका छन् । यहीबेला गठबन्धनले न्यूनतम साझा कार्यक्रममार्फत प्रतिनिधिसभाको कार्यकाल पाँचै वर्ष सुनिश्चितता गर्ने प्रतिबद्धता जनाएको हो ।

यसअघि ६ चैतमा प्रतिनिधिसभामा विश्वासको मत लिँदै गर्दा प्रधानमन्त्री दाहालले ओलीले दुईपटकसम्म अघिल्लो प्रतिनिधिसभा विघटन गरिएको र त्यो जायज भएको तर्क अघि सारेपछि ओलीसँग झस्किएको बताएका थिए । पुरानो गठबन्धन ब्युँताउनुको मुख्य कारण पनि ओलीको सोही अभिव्यक्ति भएको प्रस्टीकरण दाहालको थियो । ५ पुस २०७७ र ८ जेठ २०७८ गरी ओलीले

> यो राष्ट्रिय सहमतिको साझा न्यूनतम साझा कार्यक्रम भन्न सकिन्छ । यो सबैको साझा कार्यक्रम हो ।
>
> ● **पुष्पकमल दाहाल**
> प्रधानमन्त्री

प्रधानमन्त्री हुँदा दुईपटक प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको घोषणा गरेका थिए । अन्ततः अदालतले विघटन बदर गऱ्यो ।

त्यसबेला वर्तमान सत्ता गठबन्धनका दलहरू नेपाली कांग्रेस, माओवादी केन्द्र र तत्कालीन एमालेको माधवकुमार नेपाल नेतृत्वको समूह प्रतिनिधिसभा विघटनविरुद्ध ओलीलाई कानुनी चुनौती दिने दल हुन् । यिनै दलहरूसँगै गठबन्धनका बाँकी सात दलले न्यूनतम साझा कार्यक्रममै उल्लेख गरेर प्रतिनिधिसभाको कार्यकाल पाँचै वर्ष सुनिश्चित गर्ने प्रतिबद्धता जनाएका हुन् ।

प्रधानमन्त्री दाहालले पनि कार्यक्रमको मस्यौदा तयार गरेका हुन् । गठबन्धन दलहरूले संशोधनसहित टुंगो लगाएको कार्यक्रमको बिहीबार सार्वजनिक भएको हो । दाहालले न्यूनतम साझा कार्यक्रमलाई राष्ट्रिय सहमतिकै (बाँकी पृष्ठ २ मा)

**सन्दर्भ : वैदेशिक रोजगार**

संघीय संसद्बाट सरकारको ध्यानाकर्षण

## 'वैदेशिक रोजगारीमा रहेका श्रमिकको समस्याप्रति गम्भीर बन्नू'

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगारीमा गएका नेपाली श्रमिकहरूको समस्या समाधानमा सरकार गम्भीर हुनुपर्ने आवाज संघीय संसद्मा उठेको छ । बिहीबार प्रतिनिधिसभाको बैठकमा सांसदहरूले उक्त विषय उठाएका हुन् । उनीहरूले श्रम आप्रवासन र वैदेशिक रोजगारीमा समस्या भोगिरहेका नेपाली श्रमिकहरूको सहयोग, उद्धार र सहजीकरणका लागि सरकारले यकीन तथ्यांक संकलन एवं ठोस कदम चाल्नुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसकी सांसद रमा कोइराला पौडेलले वैदेशिक रोजगारीका लागि गन्तव्य मुलुकका जेलमा रहेका नेपालीहरूको तथ्यांक राख्न र उनीहरूलाई सकुशल स्वदेश फिर्ता गराउन नसकेकोमा संसद्मार्फत सरकारको ध्यानाकर्षण गराएकी छन् । उनले जेल जीवन बिताइरहेका नेपालीहरूलाई छुटाउन सरकारले तत्काल कदम चाल्नुपर्ने माग गरिन् ।

शून्य समयमा बोल्दै सांसद कोइरालाले गन्तव्य मुलुकमा स्वास्थ्य समस्यामा परेकाहरूको उपचारमासमेत ध्यान दिन आग्रह गरिन् । श्रम आप्रवासन श्रमिकका लागि मात्र नभई देशकै लागि आवश्यक रहेकोप्रति सरकारले नै प्रतिवेदन सार्वजनिक गरिसकेको बताउँदै उनले श्रमिकलाई तत्काल राहत हुनेगरी ठोस कदम चाल्न आवश्यक रहेको उल्लेख गरिन् । उनले सरकारले अहिलेसम्म विदेश गएका नेपालीको यकीन तथ्यांक राख्न नसकेको भन्दै यसतर्फ पनि ध्यान दिन आग्रह गरिन् ।

यस्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद दीपकबहादुर सिंहले रोजगारीका लागि विदेश पुगेर विविध समस्यामा पर्ने र दुर्घटना परी अंगभंग भएर फर्किएकाहरूलाई सरकारले नहेरेको बताए । विदेशमा काम गर्ने नेपाली श्रमिकहरूको समस्याप्रति सरकारले कुनै काम नगरेको उनको दाबी

> कठिन श्रम गर्नेहरूप्रति राज्यले आफ्नो उत्तरदायित्व पूरा नगरेको सांसदको भनाइ

छ । सिंहले विदेशबाट बाकसमा शव फर्किएका नेपालीका परिवारका लागि के सोचेको छ ? भन्दै प्रश्नसमेत उठाए ।

वैदेशिक रोजगारीमा रहेका नेपालीले पठाएको रकमकै कारण नेपाल असफल राष्ट्र हुनबाट जोगिएको सिंहले बताए । नेपालीले कमाएको रकम नपठाएको भए मुलुक श्रीलंका वा पाकिस्तानभन्दा अगाडि नै संकटमा परिसक्ने धारणा राखे । विदेशमा रगत पसिना बगाएर कमाएर स्वदेश पठाउने तिनै लाखौं नेपालीकै कारण सांसदहरूले पनि तलवभत्ता खाइरहेको नबिर्सिन सांसद सिंहले आग्रह गरे ।

कठिन श्रम गर्नेहरूप्रति राज्यले आफ्नो उत्तरदायित्व पूरा नगरेको उनको भनाइ थियो । 'अंगभंग भएर फर्केकाहरूको पक्षमा, मृत्यु भएका परिवारलाई राहत दिने सम्वन्धमा सरकार मौन देखिन्छ,' सांसद सिंहले भने, 'मृत्यु भएकाहरूको बालबालिका, विधवा श्रीमती, बाबुआमाहरूका लागि यो सरकारले के गरेको छ ?' वर्तमान सरकारले अयोग्य लडाकूका नाममा करोडौं रकम पुनः वितरण गरेकोमा पनि सिंहले असन्तुष्टि जनाए । उनले त्यो रकम बाकसमा शव फर्किएकाहरूका परिवार, अंगभंग भएर स्वदेश फर्केकाहरूलाई राहत दिन प्रयोग गरिएको भए तिनिहरूले सरकारको जयजय गर्ने थिए भन्दै वैदेशिक रोजगारमा गएकाहरूको योगदानलाई नभुल्न आग्रह गरे ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद हरि ढकालले पनि रोजगारीको सिलसिलामा विदेशी जेलमा भएको आफन्त खोज्न परिवारका सदस्यहरूलाई सकस परिरहेको बताए । यसको सहजीकरणका लागि उनले संसद्मार्फत सरकारको ध्यानाकर्षण गराए । विदेशबाट ल्याएको शवको बाकससमेत फोरिएको भन्दै ढकालले गरगहना वा अरु केही सामान छ कि भनेर बाकस फोरिनुले हाम्रो समाज कता जाँदै छ भन्ने प्रश्न गरे ।

### न्यूनतम साझा कार्यक्रममा वैदेशिक रोजगार

**काठमाडौं (प्रस)**– गठबन्धन सरकारले प्रस्तुत गरेको 'संयुक्त सरकारको प्राथमिकता र न्यूनतम साझा कार्यक्रम'मा वैदेशिक रोजगारीको क्षेत्रलाई प्राथमिकताका साथ समेटिएको छ । वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित, सुरक्षित र पारदर्शी बनाउने उदेश्यका साथ साझा न्युनतम कार्यक्रम'मा समेटिएको गठबन्धन सरकारले जनाएको छ ।

सरकारले विदेशमा काम गर्ने श्रमिकहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराई उनीहरूको आर्थिक तथा सामाजिक जोखिमलाई न्यूनीकरण गर्ने कार्यक्रम तय गरेको छ । सामाजिक सुरक्षा कार्यक्रमलाई अर्थतन्त्रका औपचारिक क्षेत्रका अतिरिक्त अनौपचारिक तथा स्वरोजगार र वैदेशिक रोजगारीका क्षेत्रमा विस्तार गर्ने लक्ष्य राखिएको छ ।

यस्तै सरकारले वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र पारदर्शी बनाउन तथा सेवाग्राहीलाई नजिकको स्थानबाटै सेवा प्रदान गर्ने जनाएको छ । यसका लागि प्रत्येक पालिकामा रहेका रोजगार सेवा केन्द्रमार्फत श्रम स्वीकृतिका लागि आवेदन दिने व्यवस्था मिलाउने बताइएको छ । साथै विदेशमा रहेका श्रमिकको समस्या हल गर्न मन्त्रालयमा भएको हटलाइन कल सेन्टरलाई प्रभावकारी बनाउने र मोबाइल एप्समार्फत निगरानी गर्ने व्यवस्था मिलाउने कार्यक्रममा समावेस गरिएको छ ।

आपसी संवाद, सहमति र सहकार्यमार्फत साझा न्यूनतम कार्यक्रम लागू गरिने संयुक्त सरकार गठनका लागि पहल तथा समर्थन गर्ने प्रतिबद्धता दलहरूले जनाएका छन् । गठबन्धनको संस्कृति विकास गरी देशमा राजनीतिक स्थायित्व प्रदान गर्न गठबन्धन दलहरू सहमत भएको उल्लेख गरिएको छ ।




# मध्यपुर थिमिमा धिमे बाजा प्रतियोगिता हुने

**भादगाउँ-** मध्यपुर थिमिमा यही चैत २५ गते शनिबार उपत्यकाव्यापी धिमे बाजा प्रतियोगिता हुने भएको छ । विगतका वर्ष ओस्ला नेपालले आयोजना गर्दै आएको सो धिमे बाजा प्रतियोगिता यस वर्ष नगरपालिका स्वयंले आयोजना गर्न लागेको हो ।

प्रतियोगिता श्री श्री श्री विष्णुवीर धिमे बाजा खलःको संयोजनमा हुन लागेको बिहीबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिइयो । प्रतियोगितामा उपत्यकाका ३२ धिमे खलः वा पुचः सहभागी हुने अपेक्षा गरिएको प्रतियोगिता संयोजक एवं वडा नं ४ का वडा सदस्य मदन ख्या श्रेष्ठले बताए । 'मध्यपुर थिमिको बिस्काः जात्रामा विभिन्न देवी देवताका ३२ खटको जात्रा हुने गर्दछ । त्यसैको प्रतीक धिमे बाजा प्रतियोगितामा ३२ खलः तथा पुचःको सहभागिता गराउने लक्ष्य रहेको छ,' उनले भने । प्रतियोगितामा ३० खलः तथा पुचःले नाम दर्ता गरिसकेको जानकारी दिँदै उनले इमेलबाट पनि दर्ता गर्न सकिने व्यवस्था भएकाले अन्तिमसम्म लक्ष्यअनुसार ३२ वा सोभन्दा बढी खलः तथा पुचःको सहभागिता हुनसक्ने बताए ।

प्रतियोगितामा उपत्यकाका भक्तपुर, चाँगुनारायण, बालाजु, ठेचो, गोकर्ण, धर्मस्थली, बज्रबाराही, कीर्तिपुरलगायतका स्थानका धिमे खलः तथा पुचःले नाम दर्ता गरिसकेको संयोजक श्रेष्ठले बताए । एउटा खलः वा पुचःबाट बढीमा दुई टोलीको सहभागिता हुनेछ । एउटा टोलीमा धिमे दुई, भुस्या दुई र छुस्या वा अन्य बाजा एक गरी बढीमा पाँच वाद्यवाधकको सहभागिता हुनेछ । प्रत्येक सहभागी टोलीलाई पाँच मिनेटको समय दिइने र सहभागी टोलीले पाँच मिनेटको समय बढीभित्र प्रस्तुति टुंग्याउनुपर्नेछ ।

प्रतियोगितामा चार जनाको निर्णायक टोली रहनेछ । निर्णायक मण्डलले प्रस्तोता टोलीको अनुशासन, समयको परिपालना, वेशभूषा, रचनाको छनोट, एकआपसमा तालमेल, प्रस्टता, बोल, ताल र लय हाउभाउको आधारमा अंक प्रदान गर्नेछ । प्रतियोगितामा प्रथम हुनेलाई नगद ४० हजार रूपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र, दोस्रोलाई नगद २० हजार रूपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र, तेस्रोलाई नगद १० हजार रूपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र, सान्त्वना पुरस्कार स्वरूप नगद पाँच हजार रूपैयाँ, मेडल, शिल्ड र प्रमाणपत्र प्रदान गरिनेछ । प्रतियोगिता सञ्चालनका लागि नगरपालिकाले पाँच लाख रूपैयाँ दिने निर्णय गरेको जानकारी दिँदै संयोजक श्रेष्ठले नपुग रकम आयोजक समितिमा रहेका पदाधिकारी र अन्य इच्छुक दाताले दिने स्वेच्छिक सहयोगले परिपूर्ति गरिने बताए । प्रतियोगिताका लागि विगतमा जस्तो आर्थिक सहयोग संकलनका लागि कुनै संघ संस्थासँग अनुरोध नगर्ने तर स्वेच्छाले दिन आए लिने नीति बनाएका उल्लेख गर्दै उनले भने, 'सोहीअनुसार दातामध्ये कसैले शिल्ड सहयोग गर्ने, कसैले मेडल सहयोग गर्ने इच्छा व्यक्त गरेका छन् ।'

प्रतियोगितालाई सफल बनाउन मूल आयोजक समिति, प्रचारप्रसार, अतिथि सत्कार, मञ्च व्यवस्थापनलगायतका विभिन्न समिति तथा उपसमिति गठन गरिएको संयोजक श्रेष्ठले बताए । मध्यपुर थिमि उपत्यकाकै सबैभन्दा धेरै धिमे खलः भएको क्षेत्र हो । यहाँको बिस्काः जात्रामा एक साथ हजारौँको संख्यामा धिमे बाजा बज्ने गर्दछ । यहाँको मूर्त अमूर्त कला संस्कृतिको जगेर्ना गर्ने र नयाँ पुस्तामा पुस्तान्तरण गर्नुका साथै बिस्काः जात्राको छुट्टै रौनक बढाउन धिमे बाजा प्रतियोगिता आयोजना गरिएको श्री श्री श्री विष्णुवीर धिमे खलःका अध्यक्ष इन्द्रभक्त श्रेष्ठले बताए ।

पत्रकार सम्मेलनमा प्रदीप जामन श्रेष्ठ र वडा नं ४ का वडा सदस्य उमेश श्रेष्ठले प्रतियोगिताको तयारी पूरा भएको जानकारी दिँदै प्रतियोगिताको विविध पक्षका बारेमा जानकारी दिएका थिए । *रासस*

# सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघमा नयाँ नेतृत्व

**काठमाडौं (प्रस)-** सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको राष्ट्रिय सम्मेलनबाट निर्विरोधरूपमा गुणराज मुक्तानको अध्यक्षतामा ९७ सदस्यीय नयाँ केन्द्रीय समिति चयन भएको छ ।

समितिमा वरिष्ठ उपाध्यक्ष खड्गराज सेजुवाल, प्रदेश उपाध्यक्षहरूमा देवराज सुवेदी (कोशी), बलराम पोखरेल (मधेस), सोमबहादुर सापकोटा (बागमती), दामोदर बाँस्तोला (गण्डकी), नलबहादुर रानामगर (लुम्बिनी), देवीप्रसाद न्यौपाने (कर्णाली), ध्रुवराज उपाध्याय (सुदूरपश्चिम) र महिला उपाध्यक्ष पवित्रा घिमिरे चयन भएका छन् ।

महासचिवद्वयमा देवी खड्का र दुर्गानन्द ठाकुर, सचिवहरूमा काशीनाथ दंगाल (खुला), वीरेन्द्रराज विष्ट (खुला), मञ्जु नेपाल (महिला), मीनबहादुर विक (दलित), तेजबहादुर गुरुङ (आदिवासी जनजाति), श्रीकृष्ण थापा (खस आर्य), श्यामसुन्दर महतो (मधेसी), घनश्याम चौधरी (थारू), मोहम्मद समिम (मुस्लिम) र रामबहादुर टमाटा (पिछडिएको क्षेत्र) छानिएका छन् ।

यस्तै कोषाध्यक्षमा सरस्वती रायमाझी र सहकोषाध्यक्षमा ज्ञानेन्द्र अधिकारी निर्वाचित भएका छन् । नयाँ अध्यक्षबाट कार्यसमितिमा १५ सदस्य मनोनयन हुनेछ भने संस्थापक अध्यक्ष कृष्ण थापा पदेन रहने छन् । निर्वाचित पदाधिकारी र सदस्यहरूको नामावली निर्वाचन समितिका सयोजक अधिवक्ता प्राणनाथ न्यौपानेले घोषणा गरेका थिए भने शिक्षा, विकास तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चुडामणि पौडेलले प्रमाणपत्र वितरण गरेका थिए । सम्मेलनले सामुदायिक विद्यालयसम्बन्धी आठ बुँदे घोषणपत्र जारी गरेको छ ।

यही चैत २० र २१ गते काठमाडौंमा भएको सम्मेलनको उद्घाटन प्रतिनिधिसभाका सभामुख देवराज घिमिरेले गरेका थिए ।


**गोलिया काठ/दाउरा लिलाम बिक्री सम्बन्धी सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति :२०७९/१२/२४**

यस काउछे सामुदायिक वन उपभोक्ता समुह कनपा-९ सिन्धुलीबाट धरान-चतरा-गाईघाट-सिन्धुली-हेटौडा सडक आयोजनाका क्रममा आव २०७३/०७४ मा संकलन भै समुह भवन क्षेत्रमा घाटगद्दी गरी राखिएको विभिन्न लटको साल तथा अन्य जातको ४७२ थानको कुल ७११२.३४ क्युफिट गोलिया काठ व्यापारिक प्रयोजनकालागि बिक्री वितरण गर्नुपर्ने भएकोले काठ दाउरा जेजस्तो अवस्थामा सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी योग्य उधोग तथा सम्बिन्धित, सरोकारवाला सबैले यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र बोलपत्र खरिद गरी २२ औं दिनमा मध्यान्ह १२:०० बजे सम्म सिलबन्दी बोलपत्र पेश गर्न आह्वान गरिन्छ । थप जानकारीकालागि समूहसंग सम्पर्क गर्न सकिने छ ।

**श्री काउछे सामुदायिक वन उपभोक्ता समूह**
**कनपा-९ सिन्धुली**



**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

दोस्रो पटक प्रकाशित मिति २०७९/१२/२४

यस कम्पनीको मिति २०७९/१२/०६ मा सम्पन्न बार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी **पन्चकोशी एडु टेक नेटवर्क प्रा.लि. (प्रा.लि. नं. १२६०८०)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७९/१२/२१ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **तथास्तु एजुकेशन कन्सल्टेन्सी प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।


## सरकारको...
पृष्ठ १ बाट जारी

सरकारका कार्यक्रम भएको दाबी गरेका छन् । कार्यक्रममा देशमा राजनीतिक स्थायित्व प्रदान गर्न वर्तमान संयुक्त सरकार गठनका लागि पहल गर्ने पनि उल्लेख छ ।

कार्यक्रममा प्रधानमन्त्री दाहालले शेरबहादुर देउवा नेतृत्वको सरकारको पालामा बनेको र अघिल्लो गठबन्धनले बनाएको न्यूनतम साझा कार्यक्रमका राम्रा विषयलाई विकसित र परिमार्जित गरेर यो पटक ल्याएको बताए । दाहालले भने, 'यो राष्ट्रिय सहमतिको साझा न्यूनतम कार्यक्रम हो ।'

कार्यक्रममा प्रधानमन्त्री दाहाल, कांग्रेस सभापति शेरबहादुर देउवा, जसपा अध्यक्ष उपेन्द्र यादव, एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनमत पार्टीका अध्यक्ष सिके राउत, लोसपा अध्यक्ष महन्थ ठाकुर, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ चौधरी, नेपाल समाजवादी पार्टीका अध्यक्ष डा. बाबुराम भट्टराई, राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र आम जनता पार्टीका अध्यक्ष प्रभु साहको हस्ताक्षर छ ।

यही कार्यक्रमको आधारमा सरकारको कामकारबाही सञ्चालन हुने सरकारकी प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बताइन् । 'यो सरकारको मार्गचित्र हो । यसलाई आधार मानेर सरकार सञ्चालन हुन्छ । यसको कार्यान्वयनतर्फ सरकार केन्द्रित हुन्छ,' न्यूनतम साझा कार्यक्रम प्रस्तुत भएपछि उनले भनिन् ।

कार्यक्रममा संघीय निजामती सेवा, नागरिकता, शिक्षा सेवा ऐन, स्वास्थ्य सेवालगायतका अति आवश्यक ऐनहरूप्रति सरकारले ध्यान दिने भनिएको छ । तत्कालीन सरकार र नेकपा माओवादीबीच भएको विस्तृत शान्ति सम्झौताको बाँकी काम तथा तराई/मधेस लगायतका आन्दोलनका क्रममा सरकार र आन्दोलनकारीहरूबीच भएका सहमति र सम्झौताहरूलाई तदारुकताका साथ कार्यान्वयन गर्ने दाहालको प्रतिबद्धता छ ।

संसद्मा विचाराधीन बेपत्ता पारिएका व्यक्तिको छानबिन तथा सत्य निरूपण तथा मेलमिलाप आयोग ऐनको संशोधन विधेयक यथाशीघ्र पारित गरी आयोग गठन गर्ने र आयोगलाई आवश्यक स्रोत-साधन र जनशक्ति उपलब्ध गराउने सवाल पनि कार्यक्रममा समिटिएका छन् ।

अर्कातिर, शान्ति प्रक्रिया र संक्रमणकालीन न्यायसम्बन्धी बाँकी काम दुई वर्षभित्र पूरा गर्ने सरकारको अठोट छ । द्वन्द्वपीडितहरूलाई क्षतिपूर्ति, पुनःस्थापना र परिपूरणको व्यवस्था गर्न सरकार तयार भएको छ । देशका विभिन्न भागहरूमा भएका आन्दोलनको क्रममा लगाइएका मुद्दाहरूको पुनरवलोकन गर्ने र झूठा मुद्दाहरू खारेज गर्ने र राजनीतिक प्रकृतिका बन्दीहरूलाई रिहाइ गर्ने गठबन्धन एकमत भएको छ ।

आन्दोलनका क्रममा घाइते तथा अंगभंग भएका व्यक्तिहरूलाई उपचार, रोजगारी, स्वरोजगारका अवसर र पुनर्स्थापन गर्न सहयोग पुऱ्याउने गठबन्धनले जनाएको छ ।

संविधानको रक्षा र आवश्यकतानुसार परिमार्जनसँगै विकास र संघीय लोकतान्त्रिक गणतन्त्रका सुदृढीकरण र संघीयता कार्यान्वयनलाई गठबन्धनले प्राथमिकता दिएको छ । देशको अर्थतन्त्र रूपान्तरण र सुदृढ गर्न नीतिगत, संरचनागत तथा कार्यगत सुधार गर्न पनि गठबन्धन तयार छ ।

गुणस्तरीय सेवा प्रवाह, सुशासन र सदाचारको प्रत्याभूति हुने गरी शासकीय सुधार गर्नेतर्फ दाहाल नेतृत्वको सरकार केन्द्रित हुने भएको छ । भ्रष्टाचारको छानबिनगरी कडा कारबाही गर्नेजस्ता विषयलाई पनि कार्यक्रममा समेटेका छन् ।

गठबन्धनको अर्को प्राथमिकता भनेको विदेशमा रहेका नेपाली नागरिकलाई मतदानको अधिकार सुनिश्चित गर्न आवश्यक व्यवस्थासहितको निर्वाचन ऐन तर्जुमा गर्ने भन्ने छ । मिटरब्याजलाई दण्डनीय अपराध बनाउने पनि गठबन्धन दलहरू सहमत भएका छन् । त्यसका लागि कानुन संशोधन गर्ने कार्यक्रममा उल्लेख छ । यसबारे मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको २७ भदौ २०७९ को प्रतिवेदनलाई कार्यान्वयन गर्ने र अधिकार सम्पन्न जाँचबुझ आयोग गठन गर्ने विवरण कार्यक्रममा छ ।

## 'साझा न्यूनतम कार्यक्रम सदनबाहिर किन ?'

**काठमाडौं (प्रस)-** प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले सरकारको साझा न्यूनतम कार्यक्रम संसद् अधिवेशन चालु रहेका बेला सदनबाहिर प्रस्तुत गर्ने कार्यले गम्भीर प्रश्न खडा गरेको प्रतिक्रिया दिएको छ । उक्त पार्टीका संसदीय दलका उपनेता सुवास नेम्वाङले प्रधानमन्त्रीलगायत सरकार संसद्प्रति उत्तरदायी बन्ने सुन्दर लोकतान्त्रिक पक्षलाई बेवास्ता गर्दै सदन चलिरहेकै समयमा सदनबाहिर त्यस्ता कार्यक्रम प्रस्तुत गरिनु गम्भीर चिन्ताको विषय भएको टिप्पणी गरे ।

'सरकारले के गऱ्यो भन्नेबारे प्रतिनिधिमूलक संस्था संसद्ले थाहा पाउनुपर्छ, सदन चलिरहेको छ, सरकारले बिजनेस दिन सकेको छैन, संसद्लाई बेवास्ता गरिएको छ, साझा कार्यक्रम संसद्ले थाहा पाउन पर्ने होइन ? यस विषयमा सरकार चुकेको छ ।'

सरकारले न्यूनतम साझा कार्यक्रम प्रस्तुत गरेको विषय सञ्चार माध्यमबाट थाहा पाएको बताउँदै उपनेता नेम्वाङले २०६२/६३ को आन्दोलनपछि जनताले जनताका लागि पूर्णअधिकार सम्पन्न तुल्याउन भइरहेको संसदीय अभ्यासलाई छलेर गरिने यस्ता कार्यले लोकतन्त्रलाई बलियो तुल्याउन नसक्ने विचार प्रकट गरे । उनले भने, 'सरकारले सदनको अबको पहिलो बैठकमै सदनबाहिर साझा कार्यक्रम प्रस्तुत गर्नुपर्नाको कारण र औचित्यबारे जानकारी गराउनुपर्छ, हामी त्यो माग गर्छौं ।'

प्रधानमन्त्री पुष्पकमल दाहालले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बिहीबार आयोजित विशेष समारोहलाई सम्बोधन गर्दै संयुक्त सरकारको प्राथमिकता र साझा न्यूनतम कार्यक्रम सार्वजनिक गरेका थिए ।


**Aandhikhola Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Krishi, Syangja**
**Gandaki Province, Nepal**

**Notice for the Letter of Intent**

***First Publication Date : 7th of April, 2023***

Pursuant to Sub Clauses 27.2 of Public Procurement Act 2063 and it's revision, this is to notify all the bidders who submitted their bids for the contract identification No.: ***ANDH-W-NCB-BLDG-10-079-80,*** as per the Invitation for Bids published in the national daily newspaper **" Prabhav National Daily"** on **1st of March, 2023**, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 and its revision.

| Contract ID No. | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. and VAT) |
|---|---|---|
| ANDH-W-NCB-BLDG-10-079-80, Conference hall Construction Work in Administrative office building | SHREE POKHARA SHIVAM CONSTRUCTION & SUPPLIERS PVT. LTD, POKHARA-17, KASKI | 91,90,072.67 |



**सुदूरपश्चिम प्रदेश सरकार**
**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
पूर्वाधार विकास कार्यालय
कंचनपुर

**बोलपत्र स्वीकृति गर्ने आशयको सूचना**

**प्रकाशित मिति:** (२०७९/१२/२४)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९/०९/२४ राष्ट्रिय दैनिक तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको बिधुतीय खरिद प्रणाली **www.bolpatra.gov.np/egp** मा प्रकाशित बोलपत्र (Single Stage Two Envelope ) आह्वानको सूचना अनुसार ठेक्का पर्न आएका बोलपत्रहरुको बोलपत्र मूल्यांकन समितिबाट विभिन्न पक्षको मूल्यांकन गर्दा निम्न बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) ,(२), (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | न्युनतम मुल्याकिंत सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाता | कबोल अंक (VAT र PS सहित रु) |
|---|---|---|---|---|
| १. | **IDOKANCHANPUR/W/NCB/BR-M/079-080/01** | Construction of Bridge over Mahakali Canal (on the way to Bhanu chock to Bishnu Mandir Road) Bhimdatt municipality ward no.06 Kanchanpur. | Dhurbtara Nirman Sewa, Dhangadhi, Kailali | 2,84,81,684.11 |

**कार्यालय प्रमुख**


## आचारसंहिताको...
पृष्ठ १ बाट जारी

गर्ने संस्था तथा सो संस्थाका कर्मचारी, निजी क्षेत्रका बैंक तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार, र वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदारलाई आचारसंहिता लाग्ने प्रवक्ता पौडेलले जानकारी दिए ।

आचारसंहिता अवधिभर तोकिएका निकाय, अधिकारी तथा व्यक्तिले कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन, वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएकाबाहेकका अन्य कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रम घोषणा गर्न, स्वीकृति गर्न वा सञ्चालन गर्न, कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने, कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्ता पदमा नियुक्त गर्न नहुने आचारसंहितामा उल्लेख छ ।


**साउदी अरेबियामा रोजगारको अवसर**

कम्पनी: **SAFARI COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ | LT. No. 284242 | चलानी नं. ६०१९४९९९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Office and Facility Cleaning Worke | 100 | 0 | 1000 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न् परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ६१९/०६३/०६४

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, nepal, Tel: +977-1-4465090 (6 Line), Fax: +977-1-4411950,
Email: nocnepal@nassers.org



**मानेभञ्ज्याङ गाउँपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**मानेभञ्ज्याङ, ओखलढुङ्गा**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशन मिति २०७९/१२/२४**

यस कार्यालयको मिति २०७९/११/०१ गते यस गाँउपालिका अर्न्तगत पंखुखोला मोली खानेपानी लिफटिङ्ग योजना (दोस्रो) रिर्जभोयर टेंकि निर्माण कार्यको लागि मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार भ्द्यष्ममष्लन मार्फत पेश हुन आएका बोलपत्रहर मध्ये सबैभन्दा न्यूनतम मुल्यांकित सारभुत रूपमा प्रभावग्राही तपशिलको बोलपत्र स्वीकृतीका लागि छनौट गरिएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ यो सूचना जारी गरिएको छ ।

**तपशिल**

| क.स. | ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम (मु.अ.कर र पि.एस. सहित ) |
|---|---|---|---|
| १. | MRM/NCB/PKMKPLY/09/079/080 | Narbada Construction Sewa Maitidevi-33 Kathmandu, Nepal | 2,770,818.09 |

**Website: www.manebhanjyangmun.gov.np, Email:- ito.manebhanjyangmun@gmail.com**

**प्रमुख प्रशासकीय अधिकृत**

# रामेछापमा बलेरो दुर्घटना, ५ जनाको मृत्यु

**मन्थली (प्रस)–** रामेछापको मन्थलीमा बिहीबार बलेरो दुर्घटना हुँदा पाँच जनाको मृत्यु भएको छ । मन्थली नगरपालिका–७ को कौछिनी (मगर गाउँनजिक) उक्त दुर्घटना भएको हो ।

जिल्ला प्रहरी कार्यालय रामेछापका अनुसार जिल्ला सदरमुकाम मन्थलीबाट दिउँसो मन्थली नगरपालिका–७ स्थित कौछिनीतर्फ जाँदै गरेको वा ११ च ५५३ नं को बलेरो सडकबाट करिब १०० मिटर तल खस्दा चार जनाको घटनास्थलमै मृत्यु भएको थियो । जसमा मन्थली नपा–७ की ८२ वर्षीया नन्दमाया भण्डारी, सोही वडाकी ५५ वर्षकी ज्ञानदानी तामाङ, ६८ वर्षका जेनसुन तामाङ र सुनापति गाउँपालिका–१ गुन्सीकी आठ वर्षीया लाक्पा घिसिङ रहेका छन् । थप मृत्यु हुनेमा मन्थली नगरपालिका–७ कौछिनी का ५० वर्षीय बलेरो चालक दलबहादुर आलेमगर रहेका छन् । बाँकी रहेका ११ घाइतेमध्ये तीन गम्भीर घाइतेलाई थप उपचारका लागि काठमाडौं लगिएको प्रहरीले जनाएको छ ।

दैनिकरूपमा कौछिनीबाट मन्थलीसम्म चल्दै आएको उक्त बलेरो आज अपराह्न १६ यात्रु र समान लिएर रामेछापको मन्थली नगरपालिका–७ स्थित कौछिनीतर्फ जाँदै गर्दा ब्रेक फेल भई दुर्घटना भएको प्रहरीले जनाएको छ ।

# पत्रकार नेपाललाई ‘आदर्श पत्रकारिता पुरस्कार’

**काठमाडौं (प्रस)–** नेपाल पत्रकार महासंघ काठमाडौं शाखाले यस वर्षको ‘आदर्श पत्रकारिता पुरस्कार’ वरिष्ठ पत्रकार किशोर नेपाललाई प्रदान गर्ने भएको छ । शाखाको बिहीबार बसेको कार्यसमितिको बैठकले एक लाख एक हजार १११ रूपैयाँ राशिको सो पुरस्कार वरिष्ठ पत्रकार नेपाललाई प्रदान गर्ने निर्णय गरेको अध्यक्ष सूर्य सुवेदीले जानकारी दिए ।

शनिबार हुने शाखाको २३औं साधारणसभामा शाखाका संस्थापक अध्यक्षसमेत रहेका पत्रकार नेपाललाई सो पुरस्कार प्रदान गर्ने निर्णय गरिएको हो । ‘काठमाडौं शाखाको शंखरापुर नगरपालिकामा यही चैत ३ र ४ गते बसेको बैठकले सो पुरस्कार स्थापना गर्ने निर्णय गरेको थियो,’ अध्यक्ष सुवेदीले बिहीबार भने, ‘आजको बैठकले सो पुरस्कार नेपाल महासंघ केन्द्रीय समितिका पूर्वअध्यक्ष एवं काठमाडौं शाखाका सस्थापक अध्यक्षसमेत रहेका वरिष्ठ पत्रकार किशोर नेपाललाई प्रदान गर्ने निर्णय गरेको छ ।’

# बुबा पत्ता नलागेका बच्चालाई मावलीको थर

**काठमाडौं (प्रस)–** एकल महिलाबाट जन्मेको र पितृत्वको ठेगाना नभएको बच्चाको जन्मदर्ता मावलीको थरबाट हुने भएको छ । गृह मन्त्रालयअन्तर्गतको राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले एक सूचना जारी गरी उक्त व्यवस्था गरिएको जनाएको हो । त्यस्ता बालबालिकाको जन्मदर्ताका विषयमा थप प्रस्ट पारिदिन स्थानीय तहबाट अनुरोध भई आएकाले दोहोरो दर्ता नहुनेगरी उक्त व्यवस्था गरिएको विभागका महानिर्देशक रुद्र पण्डितले जानकारी दिए ।

‘विवाहअघि जन्म भएको तर पितृत्व ठेगान नभएको बच्चा भएको एकल महिलाको विवाह गरी बच्चासहित पतिको ठेगानासँगै बसेको भए उक्त बच्चाको मावलीकै थर राखी आमाको हालको स्थायी ठेगानामा जन्मदर्ता गर्न सकिनेछ,’ विभागले भनेको छ । विभागले विवाहअघि जन्म भएको तर पितृत्वको ठेगान नभएको बच्चा भएको एकल महिलाले विवाह गरी पतिसँगै बसेको तर उक्त बच्चाको मावलीमै बसेको भए मावलीकै थर कायम गरी मावलीकै ठेगानामा आमालाई सूचक राखी जन्मदर्ता गर्न सकिने जनाएको छ ।

## No Objection Letter Lost

मिति 2079-11-28 गते कुलेश्वर देखि त्रिपुरेश्वर सम्म जाँदा मेरो निम्न व्यहोरा भएको NO Objection Letter हराएको हुँदा पाउनु हुने महानु भावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरि दिनु हुनु अनुरोध गर्दछु ।

नाम थरः Anushka Giri
NOC नं. 7883463
ठेगाना : Siddhalek Rural Municipality-07, Dhading, Nepal
Subject : Information Technology
Level : Advanced Diploma
Name of Institution : Sydney City College of Management ( SCCM)
Country : Australia
फोन : 9828596987

## अमिलिया सामुदायिक वन उपभोक्ता समूह जानकी ९ कैकाली खयर काठ लिलाम बिक्री सम्बन्धी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति :२०७९/१२/२४**

अमिलिया सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समुहको घाटगद्दीमा राखिएको खयर जातको गोलिया काठ २६३७.८७ क्यु.फि. जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सुचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सा.व.उ.स. को कार्यालयमा सम्पर्क राख्न सकिने छ । पुर्ण व्यहोराको सुचना यस सा.व.उ.स. को सूचना पाटीमा टाँस गरिएको छ ।

**श्री अमिलिया सामुदायिक वन उपभोक्ता समूह**
**जानकी गा.पा. ९ कैलाली**

## अधिकतम खुद्रा विक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहाएको मालवस्तुको अधिकतम खुद्रा विक्री मूल्य निम्नबमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

तपसिल

| No. | Item | DESCRIPTION OF GOODS | Country of origin | Unit | MRP in NPR |
|---|---|---|---|---|---|
| 1 | Monitor | Koorui 34E6UC WQHD 34 165Hz, Monitor | China | PCS | 62,500.00 |
| 2 | Monitor | Koorui 27E6QC QHD 27 170Hz, Monitor | China | PCS | 42,000.00 |
| 3 | Monitor | Koorui IPS 24E3 23.8 165Hz, Monitor | China | PCS | 28,000.00 |
| 4 | Monitor | Koorui IPS 27N1 27 75Hz, Monitor | China | PCS | 30,500.00 |
| 5 | Monitor | Koorui IPS 24N1 24 75Hz, Monitor | China | PCS | 26,500.00 |

Importer: **IBASE TECHNOLOGIES** Phone : 01-4421983
Address : Computer Bazar, Putalisadak, Kathmandu Vat no: 600752518


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **SUITABLE TRADING & CONTRACTING CO. WLL**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284156 चलानी नं. ६०१९९५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 4 | 0 | 1000 | ३६,९८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कःनिःशुल्क/-**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.**
श्रम इजाजत नं. १२८९/०७४/०७५
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **OYOUN AL-RIDA GENERAL CONTRACTING EST. IZDIHAR IBRAHIM AL-HALAL**

पूर्व स्वीकृति मिति : २०७९/१२/०९ पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२३ LT. No. 283333 चलानी नं.६०१९८६७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | FACTOR | 2 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ABDULMALEK ABDULRAHMAN AL USAIL FACTORY FOR INDUSTRIAL**

पूर्व स्वीकृति मिति २०७९/११/२३ पुन विज्ञापन स्वीकृति मितिः२०७९/१२/२३ LT. No 282205 चलानी नं. ६०१९७६५८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख ३ गते (16th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Pari Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ११७७/०७३/०७४
Sinamangal, Kathmandu, Nepal - Tel:-+977-4490447, 4490448
Email:-parioverseas1177@gmail.com, Web:- www.parioverseas.com



## रोजगारको अवसर

**1. YUKSEL INSAAT SAUDIA CO LTD, SAUDI ARABIA** पुनः विज्ञापन
पूर्व स्विकृति मितिः 2079.08.26 चलानी नं. ६०१९३२८८ LT No. 27763

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Constrution Workers | 05 | काममा दक्ष | 1000 | 34907 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**2. UNIVERSAL SERVICES AND MAINTENANCE USM QATAR, DOHA, QATAR** पुर्व स्विकृति मितिः २०७९।१२।२३ चलानी नं. ६०१९९५७५ LT No 284284

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Clean Worker | 50 | काममा दक्ष | 1000 | 35967 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

**3. TOWN CENTER AIR CONDITIONING & REFRIGERATION, DOHA, QATAR** पुर्व स्विकृति मितिः २०७९।१२।२३ चलानी नं. ६०१९९५७४ LT No 284283

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | कामदारको न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब N. Rs. | ओभर टाईम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Air Condition Tech | 02 | काममा दक्ष | 1200 | 43161 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/ नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- रोजगारदाताले | रोजगारदाता कम्पनीले | रु.१५०० रोजगारदाताले |

**अन्तरवार्ताः मेनपावर कार्यालय, काठमाडौंमाः २०८० बैशाख १ गते (14 April 2023) हुनेछ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही वुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः निःशुल्क

**TALENT OVERSEAS SERVICE PVT. LTD.**
Gaushala-9, Ktm., Lic. No. 704/064/065 Ph: 5915744



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **AL ABEER EST. FOR CONTRACTING**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ LT No.284190 चलानी नं.६०१९९५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Packaging And Wrapping Labor | 20 | 0 | 1100 | ३८,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **TAGHREED LAVI HAMED AL HARTHY MASSAGE CENTER**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ LT No.284078 चलानी नं.६०१९९५०९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Physiotherapist | 2 | 0 | 2500 | ८७,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : **ABAQ AL-HALA RESTAURANT FOR SERVING MEALS**

पूर्व स्वीकृति मिति २०७९/१२/२३ LT No.284077 चलानी नं.६०१९९५०८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।**

**यस कम्पनीमा डकुमेन्टेसन २ जना माग भएकोले इच्छुक व्यक्तिहरुले सम्पर्क राख्नुहोला साथै साउदी र मलेशियामा काम गरेकालाई मान्यता दिइनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OM OVERSEAS EMPLOYMENT PVT.LTD**
Govt. License 1518/074/075
Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9856028101, 9823256048
E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **UNITED REAL ESTATE RESOURCES COMPANY**

पूर्व स्वीकृति मिति २०७९/१२/२२ LT. No. 284157 चलानी नं. ६०१९९४७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sanitary Technician | 6 | 0 | 130 | ५५,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत ३० गते (13th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**यो विज्ञापन LT No. 284157 मितिः २०७९/१२/२३ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।**

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **ALSALAMAH GROUP CO FOR GEN TRAD & CONT**

पुर्व स्वीकृति मिति २०७९/१०/०३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 279566 चलानी नं. ६०१९५११३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CLEANER (INDOOR) | 0 | 2 | 120 | ५१,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Govt. Licence No.: 1312/074/75
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com


**Government of Sudurpashchim Province**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office

**Kanchanpur**

### INVITATION FOR BIDS & SEALED QUOTATION FOR THE PROCUREMENT OF WORKS

**First date of publication:- 2079/12/24**

1. Infrastructure Development Office (IDO) Kanchanpur invites only electronic bids from Nepalese eligible bidders for the construction works as per table below .
2. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Rastrya Banijaya Bank Name of Office: Infrastructure Development Office, kanchanpur Office Code no.: 3370176017 Rajaswa (revenue) Sirshak No.: 14229 Rajaswa (revenue)
   Account no.: 1000200010000
3. Bidders are advised to visit site and assess the actual site conditions before submitting their bid.
4. Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Further required Information may be obtained from office and bidder can also inspect the Bidding Document at Infrastructure Development Office (IDO), Kanchanpur, or may visit PPMO website www.bolpatra.gov.np/egp

**DETAILS OF WORK**

| S. N | Contract Id | Description of works | Estimated Amount(NRs.) Including VAT and PS) | Bid Security Amount in NRs. | Bid Document Cost (NRs.) (Non-Refundable) |
|---|---|---|---|---|---|
| 1 | IDOKANCHANPUR/SQ/W/R/06/2079-080 | Construction of Baluwa nala Pul Hudai Badaikhalla Sadak, Krishnapur-5 kanchanpur | 1450038.71 | 40000 | 1000.00 |
| 2 | IDOKANCHANPUR/W/NCB/R/079-80-39 | Construction of culverts of Belandi Rural Municipality, Kanchanpur | 8189759.17 | 220000 | 3000.00 |
| 3 | IDOKANCHANPUR/W/NCB/CULVRT/079-080-40 | Construction of Belauri Bazar Bhurkot Katan Gokulpur Bandatal IBRD hudai hulaki Link Road,kanchanpur | 2898543.48 | 70000 | 3000.00 |

**Office chief**

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## कार्यक्रम कार्यान्वयनमा ध्यान देऊ

**सरकार गठनको साढे तीन महिनासम्म प्रधानमन्त्री पुष्पकमल दाहाल नेतृत्वको मन्त्रीमण्डल अपूरै छ । सुरुमा नेकपा एमालेसँगको गठबन्धनमा सरकार बनाएका दाहालले पछि गठबन्धन तोडे । पछिल्लो प्रतिनिधिसभा निर्वाचनबाट पहिलो दल बने पनि प्रतिपक्षमा बस्न बाध्य बनेको नेपाली कांग्रेस अहिले सरकारमा पुगेको छ । कांग्रेस सरकारमा पुग्नु प्रधानमन्त्री दाहालले गठबन्धन परिवर्तन गरेकैले हो । यद्यपि, कांग्रेसमा आन्तरिक किचलोले गर्दा आफूले पाएका आठ मन्त्रालयका लागि मन्त्री पठाउन सकेको छैन । संस्थापनइतरले ४० प्रतिशत भाग खोजेपछि कांग्रेसमा मन्त्री छनोट गर्ने कार्य ढिलाइ हुन पुगेको हो । कांग्रेसले मन्त्री नपठाउँदा दाहाल नेतृत्वको मन्त्रीमण्डलले पूर्णता पाउन सकेको छैन ।**

**मन्त्रीमण्डलले पूर्णत पाउन नसक्दा सरकारले प्रभावकारीरूपमा काम गर्न सकिरहेको छैन । जनताबाट अपेक्षित नतिजा दिन सकिरहेको छैन । यहीबीचमा गठबन्धनले सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेको छ । बिहीबार सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित विशेष समारोहबीच प्रधानमन्त्री दाहालले सरकारको न्यूनतम साझा कार्यक्रम सार्वजनिक गरेका हुन् । उक्त समारोहमा गठबन्धन दलका शीर्ष नेताहरूको उपस्थिति रहेको थियो ।**

**मन्त्रीमण्डल अपूरै रहेको समयमा सरकारको न्यूनतम साझा कार्यक्रम आउने सकारात्मक हो तर यसको कार्यान्वयनमा चुनौती हुने निश्चित छ । साझा कार्यक्रममा संविधानको रक्षा, संसद्लाई पूर्ण कार्यकाल टिकाउने र राष्ट्रिय सहमतिका साथ अगाडि बढ्ने प्रतिबद्धता जनाइएको छ । अघिल्लोपटक एमाले अध्यक्ष केपी शर्मा ओलीले दुई–दुई पटक प्रतिनिधिसभा विघटन गर्दा त्यसविरुद्ध उभिएको वर्तमान गठबन्धनका प्रमुख दलहरू अहिले सरकारमा हुँदा संसद्लाई पूर्ण कार्यकाल टिकाउने प्रतिबद्धता जनाएका हुन् । यस्तै साझा कार्यक्रममा राहातदेखि विकास निर्माणका कार्यलाई प्राथमिकतामा राखिएको छ । मुलुकमा सुशासन, दिगो विकास र समृद्धिका लागि प्रतिबद्ध भएर काम गर्ने जनाइएको छ ।**

**त्यसो त प्रधानमन्त्री दाहालले प्रधानमन्त्रीको शपथ लिई कार्यभार सम्हाल्ने बेला नै आफू यसपटक काम गर्न आएको बताए थिए । अहिले पनि उनले सोही कुरा दोहोर्‍याउँदै आएका छन् । तर, उनी आफैं अस्थिर बनिँदिंदा उनको प्रतिबद्धता पूरा हुनेमा आशंका छ । यद्यपि, केही काम देखाउने हुटहुटी उनमा देखिन्छ । धेरैले वर्तमान गठबन्धन धेरै नटिक्ने टिप्पणी गरिरहेका छन् । यदि त्यस्तो अवस्था आयो भने मुलुकको लागि ठूलो दुर्घटना साबित हुनेछ । पटक–पटक सरकार परिवर्तन भइरहनु कुनै पनि एंगलबाट राम्रो हुँदैन । त्यसैले पाँच वर्षसम्म सरकार परिवर्तनको खेलमा नलाग्नु नै मुलुकको लागि हितकर हुने निश्चित छ ।**

**सरकारको न्यूनतम साझा कार्यक्रम आइसकेकोले अब यसको कार्यान्वयनमा जोड दिन आवश्यक छ । यसका लागि प्रधानमन्त्री दाहालले चाँडोभन्दा चाँडो मन्त्रीमण्डललाई पूर्णता दिई कार्यक्रम कार्यान्वयनमा लाग्नुपर्छ । अन्यथा विभिन्न संकट निम्तिने र जनतामा निराशा बढ्दै जाने निश्चित छ ।**

# दिगो विकास र समृद्धिको आकांक्षा पूरा गर्ने अभिष्ट



पुष्पकमल दाहाल
प्रधानमन्त्री

समृद्धि हासिल गर्न अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न जरूरी हुन्छ । कृषि क्षेत्रलाई व्यवसायीकरण गरी आत्मनिर्भरता हासिल गर्ने र आयात प्रतिस्थापन गर्ने क्षेत्रको रूपमा विकास गर्न जरूरी छ । जलस्रोत क्षेत्रको विकास र विद्युत् निर्यात गरी बाह्य क्षेत्र सन्तुलनका साथै सिँचाइको माध्यमबाट कृषि उत्पादन बढाउन सक्नु अहिलेको आवश्यकता हो ।

आज हामीले आर्थिक वर्ष २०७८/७९ को वार्षिक र आव २०७९/८० को प्रथम छ महिनामा मुलुकको विकास कार्यतर्फ भएको प्रगतिको समीक्षा गरेका छौं । मुलुकको समग्र विकास निर्माण कार्यको सन्दर्भमा हासिल भएका प्रमुख उपलब्धिको समीक्षा गर्नुका साथै विकास आयोजना र कार्यक्रमको कार्यान्वयनमा देखिएका समस्याको समाधान गर्ने र भावी दिनमा विकास निर्माणलाई थप गति दिन यस बैठकले मद्दत गर्ने मैले विश्वास लिएको छु । मुलुकको समग्र विकास प्रयासलाई दिशानिर्देश गर्न यसले महत्त्वपूर्ण भूमिका खेल्नुका साथै समन्वयका समस्या समाधान गरी लक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्नेछ ।

नेपाल सरकार, प्रदेश र स्थानीय तहको सामूहिक प्रयासबाट संघीय प्रणालीलाई संस्थागत गर्दै लोकतान्त्रिक गणतन्त्रात्मक नेपालमा नेपाली जनताको आकांक्षाको सम्बोधन गर्न, विकास प्रयासलाई गति दिन साथै विकासलाई सन्तुलित बनाउन जरुरी छ । नेपालको संविधानले प्रत्याभूत गरेका जनताका मौलिक हकको कार्यान्वयनका साथै आवधिक योजनाले लिएका लक्ष्य प्राप्त गर्न, सरकारमा सम्मिलित दलको नीतिगत प्राथमिकता र न्यूनतम साझा कार्यक्रमको कार्यान्वयन गरी जनतालाई प्रभावकारीरूपमा सेवा प्रवाह गर्न र आर्थिक सामाजिक पूर्वाधार निर्माण गर्न हामी सबैले समन्वयात्मक प्रयत्न गर्नुपर्दछ ।

विश्व अर्थतन्त्रमा देखिएका चुनौतीका साथै नेपालको अर्थतन्त्रमा देखिएका संरचनागत समस्यालाई सम्बोधन गर्दै दिगो आर्थिक वृद्धि एवं सामाजिक प्रगतिको आधार निर्माण गर्न आजको यस छलफलबाट निस्केका निष्कर्ष र सोको कार्यान्वयनबाट बल मिल्नेछ । अहिलेको विषम परिस्थितिमा खर्चमा मितव्ययिता गर्ने, स्रोत परिचालनमा विशेष मेहनत गर्ने र उत्पादन बढाउने कार्यमा हामीले ध्यान केन्द्रित गर्नुपर्दछ ।

हालसालै राष्ट्रिय योजना आयोगले पन्ध्रौं योजनाको मध्यावधि मूल्यांकन गरेको छ । यसअनुसार केही क्षेत्रमा प्रगति भएको देखिएको छ । तर, समग्रमा हाम्रो विकास प्रयासले अपेक्षित लक्ष्य हासिल गर्न नसकेको र धेरै क्षेत्रमा सुधार आवश्यक रहेको तथ्य पनि उजागर भएको छ ।

राष्ट्रिय योजना आयोगका उपाध्यक्षज्यूले प्रस्तुत गर्नुभएको समीक्षामा उल्लिखित तथ्यले केही आयोजनामा राम्रो प्रगति भए पनि वार्षिक बजेट र आयोजनाको कार्यान्वयनमा यस आर्थिक वर्षको प्रथम छ महिनामा आशातित लक्ष्य हासिल हुन नसकेको देखाएको छ, यो अत्यन्त संवेदनशील विषय हो । यसो हेर्दा खासै ठूलो समस्या छ र त्यसका कारण काम भएन भन्ने पनि देखिन्न । तर, बजेट, योजना र कार्यक्रम ठीक ढंगले कार्यान्वयन हुन पनि सकेका छैनन् । खास समस्या के-के हुन्, तिनको पहिचान गरी समाधानका प्रभावकारी उपाय निर्क्योल गर्ने कार्य पनि अहिले नै गर्नुपर्दछ । माननीय मन्त्रीहरूले यसमा विशेष पहलकदमी लिएर ठोस कार्य गर्नुहुनेछ भन्ने मेरो अपेक्षा छ । यहाँ छलफल भएबाहेक पनि अन्तरमन्त्रालयगत समन्वयका समस्या छन् भने तिनलाई तुरुन्तै समाधान गर्नुहुनेछ ।

पुँजीगत खर्च समयमा हुन सकेन भने त्यसले विकास निर्माणको कार्य पछाडि पार्ने मात्र नभई त्यसबाट अर्थतन्त्रमा बहुआयामिक असर पर्दछ । तसर्थ संघ, प्रदेश र स्थानीय गरी तीनै तहको सरकारले पुँजीगत खर्चलाई तीव्रता दिन र कामको गुणस्तर कायम गर्नमा विशेष जोड दिन आवश्यक छ । अन्तरतह समन्वय गर्ने विषयमा अवश्य नै हामी पहल गर्नेछौं । सातै प्रदेशका माननीय मुख्यमन्त्रीज्यूको उपस्थितिमा राष्ट्रिय विकासको गतिलाई अझ बढी सुदृढ बनाउन सामूहिक प्रण गरौं । संघीयताको प्रभावकारी कार्यान्वयन प्रदेश सरकारको कार्यसम्पादनमा निर्भर गर्दछ भन्ने मेरो ठहर छ, यो मेरो आग्रहसमेत हो । बजेट कार्यान्वयनको सम्बन्धमा मन्त्रालय र प्रदेश सरकारसँग समेत छलफल गरी अर्थ मन्त्रालयले प्रगति राम्रो भएका विकास आयोजनामा साधनस्रोतको अभाव नहुने व्यवस्था मिलाउनेछ ।

अर्थतन्त्रका संरचनागत समस्या समाधान गर्न अर्थ मन्त्रालय र राष्ट्रिय योजना आयोगले कार्ययोजना निर्माण गर्नसमेत निर्देश गर्दछु । बाह्य क्षेत्र सन्तुलनको लागि निर्यात प्रवर्द्धन गर्ने र आयात व्यवस्थापन गर्ने रणनीति तयार गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले पहल गर्नेछ । औद्योगिक क्षेत्रको विकास र उद्योग सञ्चालनमा सहज वातावरण निर्माण गर्न जरुरी रहेको छ । निजी क्षेत्रलाई लगानीयोग्य साधन प्राप्तिमा कमी हुन नदिन वित्तीय क्षेत्र सुधार रणनीति तयार गरी कार्यान्वयन गर्न निर्देशन गर्दछु ।

नेपाल सन् २०२६ पछि अति कम विकासित राष्ट्रबाट विकासशील राष्ट्रको श्रेणीमा स्तरोन्नति हुने भएकाले सोको लागि आवश्यक तयारी गर्नुहुनेछ । साथै, जलवायु परिवर्तनबाट हुने जोखिम नियन्त्रणका लागि अग्रिम पहलकदमी लिन आग्रह गर्दछु । विकास निर्माण कार्यक्रम र आयोजना तर्जुमा गर्दा जोखिम न्यूनीकरणका उपाय सुरुदेखि नै समावेश गर्दै जानुपर्दछ । सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्न पनि उत्तिकै मेहेनत गर्न जरुरी छ ।

विकास निर्माण कार्यमा रहेका अवरोध हटाउन जरुरी छ । खासगरी जग्गा अधिग्रहण र पूरक इआइए गर्नमा हुने गरेको प्रशासनिक ढिलासुस्तीका कारण बेलाबेलामा समस्या भोग्नुपरेको अवस्था पनि छ । यस दिशामा आवश्यक संस्थागत समन्वय र प्रक्रियागत सरलीकरणको कामलाई गति दिनु जरुरी छ । अतिक्रमणमा परेका सरकारी जग्गाको स्वामित्व नेपाल सरकारमा कायम गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

आयोजना व्यवस्थापनलाई थप प्रभावकारी बनाउन आयोजनाको वर्गीकरण र मूल्यांकनसम्बन्धी कार्यविधि लागू गर्न सबै तहलाई अनुरोध गर्दछु । यसले बजेटको प्राथमिकीकरणलाई समेत सघाउ पुग्नेछ । अन्तरतह र अन्तरनिकाय समन्वयलाई सुदृढ पार्दै विकास निर्माणका कार्यलाई तीव्रताका साथ अघि बढाउन म सबैलाई आग्रह गर्दछु । आयोजना र कार्यक्रमको अनुगमनलाई प्रणालीबद्ध, निरन्तर र नतिजामा आधारित बनाउन सकेमात्र विकास कार्यलाई गति दिन सकिन्छ । सोको लागि एकीकृत प्रणाली र प्रक्रिया अवलम्बन गरी दोहोरोपन हटाउन पहल गरौं ।

राष्ट्रिय योजना आयोगले प्रस्ताव गरेका विकासका समस्या समाधान गर्न प्रस्तावित उपायलाई यस बैठकमा छलफलबाट प्राप्त सुझावलाई समेत समावेश गरी पारित गरौं । सरकारमा सहभागी दलको न्यूनतम साझा कार्यक्रमको कार्यान्वयनलाई उच्च प्राथमिकता दिनुहुनेछ । यस सरकारले जनतालाई अनुभूति हुनेगरी सेवा प्रदान गर्ने प्रण गरेको यहाँहरूलाई अवगत नै छ । राष्ट्रिय नीतिलाई सबै तहको समन्वयबाट कार्यान्वयनमा लैजान जरुरी छ ।

समृद्धि हासिल गर्न अर्थतन्त्रमा उत्पादन र उत्पादकत्व वृद्धि गर्न जरूरी हुन्छ । कृषि क्षेत्रलाई व्यवसायीकरण गरी आत्मनिर्भरता हासिल गर्ने र आयात प्रतिस्थापन गर्ने क्षेत्रको रूपमा विकास गर्न जरूरी छ । जलस्रोत क्षेत्रको विकास र विद्युत् निर्यात गरी बाह्य क्षेत्र सन्तुलनका साथै सिँचाइको माध्यमबाट कृषि उत्पादन बढाउन सक्नु अहिलेको आवश्यकता हो । आवधिक योजना तथा राष्ट्रिय नीति कार्यान्वयन गर्न कार्यक्रमको प्राथमिकीकरण गरी उत्पादन र रोजगरी बढाउने कार्यलाई केन्द्रमा राखेर बजेट तर्जुमा गर्नुहुनेछ । यसका लागि विद्यमान कार्यक्रमलाई पुनःसंरचना गर्नुका साथै केही नयाँ नतिजामूलक कार्यक्रम पनि अघि बढाउन आवश्यक छ ।

एकातिर बजेट खर्च नहुने र अर्कोतिर आवश्यकताभन्दा बढी बजेट माग गर्ने प्रवृत्तिसमेत नियन्त्रण गर्न जरुरी छ । सम्पादन गर्न नसकिएका कार्यलाई सम्पन्न गर्न तत्काल वैकल्पिक कार्ययोजना बनाई सम्पादन गर्ने र अधुरा आयोजनामा बजेट छुट्ट्याएर मात्र नयाँ कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।

आयोगले पन्ध्रौं योजनाको मध्यावधि मूल्यांकनबाट सिकेका पाठलाई समेत समावेश गरी नेपालको संविधानले परिकल्पना गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्याय प्रदान गर्ने उद्देश्य पूरा गर्न १६ औं योजना तयार गरौं । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्नु हामी सबैको अभिष्ट हो । सबैले यसमा एक भएर आ-आफ्नो कर्तव्य पालनाका साथै जिम्मेवारी बहन गरौं । यो नै हाम्रो साझा उत्तरदायित्व समेत हो । यस आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनका साथै आगामी आर्थिक वर्षको बजेट निर्माणमा केन्द्रित हुनसमेत सबैलाई अनुरोध गर्दछु ।

*(सिंहदरबारमा बिहीबार बसेको राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकलाई सम्बोधन गर्नेक्रममा प्रधानमन्त्री दाहालले व्यक्त गरेको विचार)*

## मनन्योग्य

### विदुर नीति

यस सामाजिक नियमलाई जसले तोड्दछ कसूर ठहरिन्छ कसूरको मात्रालाई विचार गरेर यस्तो कसूर गर्नेलाई दण्ड सजाय पनि हुने गर्दछ । यस्तो दण्ड सजाय गर्न नै धर्म देवता हुन्, जसलाई यमराज पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटि हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नुपर्दछ भन्ने कुरा हामी ज्यादै थोरै व्यक्ति मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर (हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्यहाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुन्छ । ऋषि, महर्षि, देवता सबै प्रकारका व्यक्ति सभासदमा छन् । पाप पुण्यबारेको रेकर्ड हिसाबकिताब बहिखाता राख्ने चित्रगुप्त रहन्छन् । काल, दिशा, आकाश, वायु, अग्नि, सूर्य आदि धेरैले उनका दूतहरूको काम गर्दछन् र विस्तृत खबर चित्रगुप्त कहाँ रेकर्ड गर्न पठाउने काम पनि बेलाबेलामा यिनीहरूले नै गर्ने गर्दछन् ।

धर्मराजको सभाभवनमा दक्षिण, पश्चिम, उत्तर, पूर्व दिशामा चारवटा प्रवेशद्वार हुन्छन् । यी ढोकाहरूमध्ये तीनवटाबाट पुण्यात्मा र दक्षिणबाट पापीहरूलाई प्रवेश गराइन्छ । दक्षिणतर्फबाट प्रवेश गर्ने पापीहरूलाई धेरै कष्ट हुने गर्दछ । वैतरणीजस्तो साह्रै फोहर र घिनलाग्दो खोला तर्नुपर्छ । साथै कुम्भीपाक, रौरव आदि नरक पनि दक्षिण दिशामा नै रहेका छन् । यस ढोकाबाट आउनेले यमराजलाई ज्यादै कठोर र भयङ्कर रूपको देख्दछ ।

पत्र–मञ्जुषा

## यातायात क्षेत्रको 'सिण्डिकेट' : भाषणमा हटयो, व्यवहारमा कायमै

२०७४ फागुन ३ गते केपी शर्मा ओली दोस्रोपटक प्रधानमन्त्री बने । ओली नेतृत्वको सरकारमा गृहमन्त्रीको जिम्मेवारी रामबहादुर थापा 'बादल'ले सम्हालेका थिए । आफ्नो १०० दिनको उपलब्धि सुनाउँदै ओलीले घोषणा गरे, 'यातायात क्षेत्रमा भएको वर्षौंदेखिको सिण्डिकेट मैले हटाएँ ।' सदनमा उभिएर बडो गर्वसाथ उनले यो भाषण गरेका थिए । गृहमन्त्री थापाले पनि त्यसो भन्न भ्याए । तर, कालिमाटी फलफूल तथा तरकारी बजारमा अहिलेसम्म पनि ढुवानी गाडीको नयाँ दर्ता खोलिएको छैन । त्यहाँ कालो प्लेटको ढुवानी गाडीको दर्ता विगत ४० वर्षदेखि बन्द छ ।

यता, कालो प्लेटको मिटरजडित ट्याक्सीको अवस्था पनि उही नै छ । ३३ वर्षदेखि नयाँ ट्याक्सीको दर्ता बन्द छ । फो-स्टक मिटरवाला ट्याम्पोको त दर्ता नै खोलिएको छैनन् । अनि कहाँ हटयो त सिण्डिकेट ? जनतालाई भ्रममा पार्ने पनि कुनै सीमा हुन्छ । २०३२ सालदेखि अहिलेसम्म एउटै व्यवसायीले व्यवसाय गर्दै आएका छन् । अहिले पनि २० वर्षे पुराना ट्याक्सीको स्क्रयाब गरेको नम्बर प्लेटमा नयाँ गाडी किनेर ट्याक्सीमा दर्ता गर्ने क्रम जारी छ । जनसंख्या कहाँबाट कहाँ पुगिसक्यो तर ट्याक्सीको संख्या उही नै छ । सरकारले सार्वजनिक यातायातमा भएको सिण्डिकेट हटाउन नसक्दा निजी प्लेटको गाडीको संख्या ह्वात्तै बढयो ।

भाडाको गाडीको संख्या नबढेपछि त सर्वसाधारणलाई सास्ती हुने नै भयो । भनेको बेलामा गाडी नपाउने भएपछि अन्तिम विकल्प नै निजी प्लेटको सवारी बन्यो । ऋण खोजीखोजी गाडी किन्नेहरू यत्तिकै छन् । सरकार सिण्डिकेट नतोड्ने, खुल्ला प्रतिस्पर्धामा जाने वातावरण नमिलाउने अनि आमनागरिकले ऋण खोजीखोजी निजी सवारी किन्नुपर्ने । निजी सवारीको संख्या उच्च हुँदा ट्राफिक व्यवस्थापनमासमेत उत्तिकै सास्ती छ । सवारी पार्क गर्ने ठाउँको अभाव देखिन थालेको छ । जनसंख्याको आधारमा ९५ प्रतिशत जनता अहिले पनि सार्वजनिक यातायातमै यात्रा गर्छन् ।

तर, गाडी अपुग हुँदा यात्रुहरू मर्कामा परेका छन् । काममा जानकै लागि अनेकौं ठक्कर खानुपर्ने हुन्छ । जनसंख्या धान्नेगरी बसहरू छैनन् । पैसा तिरेर पनि राम्रो सेवासुविधा यात्रुले पाएका छैनन् । गाडीमा ढोकैसम्म यात्रु झुण्डिएका हुन्छन् । सरकारले जनता नदेखेपछि नझुण्डिएर के गर्नु ? यातायात व्यवसायीहरूले दाउरा मिलाएझैं यात्रु हाल्छन् । सार्वजनिक यातायातमा यात्रा गर्नेलाई सास फेर्नसमेत मुश्किल पर्छ । झुण्डिएर, कुच्चिएर र यातायात व्यवसायीको नराम्रो बोलीवचन सुनेर यात्रा गर्नुपर्ने बाध्यता छ । उपत्यकाजस्तो ठाँउमा बेलुका ७ बजेपछि बस पाइँदैन ।

आफूलाई कमाइ पुग्नेबित्तिकै गाडी ग्यारेजमा लगेर थन्काउँछन्, यातायात व्यवसायी । ट्याक्सीमा यात्रा गर्नेलाई भाडा चर्को छ । बिरामी भएको बेला त ट्याक्सी चढ्न महामुश्किल छ भने अरु बेलाको कुरै नगरौं । सरकारले ट्याक्सीमा मिटर जडान गरिदिएको छ, केका लागि ? देखाउनका लागि हो ? ट्याक्सी चालक मिटरमा हिँड्न मान्दैनन् । घण्टौं मोलमोलाइ गर्नुपर्ने बाध्यता छ । ट्याक्सी अपुग हुँदा पनि चालकहरूको दादागिरी बढेको सर्वसाधारणहरूको आरोप छ । भाडा उसैपनि महँगो छ त्यही पनि मिटरमा हिँड्न माने त हुन्थ्यो ।

ट्याक्सीको साटो अर्को विकल्पको खोजी गर्नुपर्ने परिस्थिति सिर्जना भइसकेको छ । किनकि ट्याक्सी व्यवसायीदेखि यात्रु आजित भइसकेका छन् । ट्याक्सी अति आवश्यक सवारीसाधनमा पर्छ । तर, चालकले त्यो बुझ्दैनन् । उनीहरूलाई जसरी हुन्छ यात्रु लुट्नु छ । सरकारले ट्याक्सीको विकल्पमा फो-स्टक ट्याम्पो सञ्चालनमा ल्याउन ढिलो भइसकेको छ । पैसा हुने ट्याक्सी चढ्छन्, नहुने ट्याम्पो । विकल्प नदिने अनि जहिले यात्रु लुटिरहने ? सरकार जनताका लागि हो कि यातायात व्यवसायीका लागि ?

*अनुसा थापा, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

**द्रष्टव्य** : यस दैनिकका लागि लेख, विचार, प्रतिक्रिया prabhabdailynews@gmail.com मा सम्प्रेषण गर्नुहुन अनुरोध छ । यो स्तम्भमा प्रकाशित सामग्री लेखकको निजी विचार हो । - सं.

# दैनिक ३ घण्टा पैदल हिंडेर विद्यालय

**पर्वत–** सरकारले कुनै पनि विद्यार्थीलाई विद्यालयसम्म पुग्नका लागि आधा घण्टाभन्दा बढी पैदल हिंड्नु नपर्ने गरी विद्यालय बनाउनुपर्ने मापदण्ड तोकेको छ । तर, यहाँको एक विकट गाउँमा भने विद्यार्थी विद्यालय पढ्नका लागि दैनिक तीन घण्टाभन्दा बढी पैदल हिंड्न बाध्य भएका छन् ।

पर्वतको महाशिला गाउँपालिका-४ पाखापानीका विद्यार्थी कक्षा ११ र १२ अध्ययन गर्नका लागि तीन घण्टाभन्दा बढी पैदल हिंडेर विद्यालय पुग्नुपर्ने बाधयता छ। पाखापानीमा माध्यमिक विद्यालय तीन वटा भए पनि १० जोड २ सञ्चालन भएको विद्यालय एउटा मात्र भएकाले अध्ययन गर्नका लागि टाढा जानुपरेको हो ।

लामतुनमा रहेको जनविकास मावि पुग्न पाखापानीका सिम्ले, भण्डारी थर, कोखे, चौडिल्ला लगायतका बस्तीबाट बिहान दुई घण्टा उकालो हिंडेर विद्यालय पुग्नुपर्ने बाध्यता छ। एसइईसम्मको अध्ययन स्थानीय स्वधर्म मावि र विश्वज्योति माविमा पढेपनि प्लस टु अध्ययनका लागि लामो बाटो हिंड्नु परेको कक्षा १२ मा अध्ययनरत भण्डारी थरका राहुल भण्डारीको भनाइ छ ।

विद्यार्थी शिवकला क्षेत्रीले बस्तीभन्दा टाढा विद्यालय हुँदा सास्ती खेप्नुपरेको गुनासो गशरिन् । उनले भनिन्, 'नजिकमा विद्यालय भएको भए बिहानभरि पढेर, थोरै समयमै विद्यालय पुग्न सकिन्थ्यो, तर टाढा हुँदा न त बिहान पढ्ने समय नै हुन्छ न त घरको काम गर्ने ।'

विद्यालय भएको बस्ती लामतुनमा भन्दा पैदल हिँडेर जाने विद्यार्थीको संख्या उल्लेख्य रहेको वडाध्यक्ष पुरन मल्लले बताए । 'विद्यालय भएको बस्तीभन्दा टाढाका बस्ती सुगम भएकाले पनि त्यहाँ जनघनत्व बढी छ तर त्यहाँका विद्यालयमा कक्षा ११, १२ पढ्ने सुविधा छैन, त्यसैले यहाँका विद्यार्थीले निकै सास्ती पाएका छन्,' मल्लले भने ।

'भीरको बाटो हुँदै विद्यालय जानुपर्ने भएकाले हावाहुरी चल्दा बालबालिकालाई उडाउने डर हुन्छ । त्यस्तै बर्षात्मा पहिरोको डरले अभिभावकलाई पिरोल्ने गर्छ,' विद्यार्थी सिर्जना क्षेत्रीले भनिन्, 'कहिलेकाहीँ साथी नपाउदा एक्लै जान डर लाग्छ ।' बस्ती नजिकै रहेका स्वधर्म मावि र विश्वज्योति माविमा उच्च मावि नखुल्दा आफूजस्ता ५० जनाभन्दा बढी विद्यार्थीले सास्ती पाउने गरेको उनले गुनासो गर्नुभयो । दैनिक तीन घण्टा भन्दा बढी पैदल हिँडेर जानुपर्ने बाध्यतामा यो गाउँका ५० भन्दा बढी विद्यार्थी रहेको विद्यालयले जनाएको छ ।

विद्यालयका प्राध्यानाध्यापक चक्रबहादुर क्षेत्रीले टाढाबाट आउने विद्यार्थीका लागि थोरै समय कुर्ने गरेको बताए । उनले भने, 'विद्यार्थी आइसकेपछि मात्र पठनपाठन सुरु गर्ने गरेका छौं, नजिकका विद्यार्थी चाँडो आए पनि टाढाबाट आउनेलाई केही समय पर्खने गरेका छौं,' क्षेत्रीले बताए । वडामा यो मात्रै प्लस टु पढाउने विद्यालय भएकाले विद्यार्थीको संख्या पनि धेरै रहेको उनको भनाइ छ । *रासस*

# ११६ नक्कली परीक्षार्थी पक्राउ

**विराटनगर (प्रस)–** मोरङमा माध्यमिक शिक्षा परीक्षा (एसइई) दिइरहेका ११६ नक्कली परीक्षार्थी पक्राउ परेका छन् । अरुको नाममा परीक्षा दिइरहेका उनीहरूलाई बिहीबार अनुगमन टोलीले विभिन्न परीक्षा केन्द्रबाट पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी उपरीक्षक दीपक पोखरेलका अनुसार अनुगमन टोलीले केराबारी, ग्रामथान र हरैंचाका परीक्षा केन्द्रबाट उनीहरूलाई पक्राउ गरिएको हो । पक्राउ परेका परीक्षार्थीका विषयमा छानबिन भइरहेको उनले जानकारी दिए ।

उनका अनुसार सबैभन्दा बढी सरस्वती मावि ग्रामथानबाट ५२ जना, सार्वजनिक मावि केराबारीबाट ४४ जना र जनता मावि सुन्दरहरैंचाबाट २० जना पक्राउ परेका छन् । नक्कली परीक्षार्थीका विषयमा आवश्यक छानबिन गरी कानुनी प्रक्रिया अगाडि बढाइने उपरीक्षक पोखरेलले जानकारी दिए ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED CELL ESTABLISHMENT FOR PEST CONTROL

पुर्व स्वीकृति मिति २०७९/०६/२४ पुन विज्ञापन स्वीकृति मिति : २०७९/१२/२३ LT No.273165 चलानी नं. ६०१८८९४०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pest Control Worker | 6 | 0 | 1200 | ४२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७

**Target Consultant Human Resources Pvt. Ltd.**

Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251, 9801354109
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GENOA PLASTIC INDUSTRIES KUWAIT

पुर्व स्वीकृति मिति : २०७९/०४/२२ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 268801 चलानी नं.६०१८४५८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 10 | 0 | 150 | ६२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper/labor/cleaner | 60 | 0 | 100 | ४१,३५५ | | | | | | | |
| 3 | Storekeeper / Admin | 15 | 0 | 150 | ६२,०३० | | | | | | | |

कम्पनी : MODISH UNITED READYMADE CLOTHS COMPANY

पुर्व स्वीकृति मिति २०७९/०८/२१ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 277357 चलानी नं. ६०१९२९१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Women's Cloth Saler/ Sales Girl | 0 | 17 | 135 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 0 | 3 | 90 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य, लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**

Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAFARI JOINT STOCK COMPANY

पुर्व स्वीकृति मिति : २०७९/१२/२३ LT. No. 284213 चलानी नं. ६०१९५८७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office And Facilities Cleaning Worker | 100 | 0 | 1000 | ३५११९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Munal Overseas Pvt. Ltd.** श्रम ईजाजत नं. ४६५/०६०/०६१

Kalamatidole, Airport, Ktm, Nepal. Tel.: +977-01-4461297, 4468625, Fax: +977-01-4462046



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : SYARIKAT TENAGA (GEMAS) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/०१/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 262218 चलानी नं. ६०१७८४६०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 30 | 0 | 1200 | ३५,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : SO KIM HONG NURSERY

पुर्व स्वीकृति मिति २०७९/१२/२२ LT. No. 284005 चलानी नं. ६०१९९५१२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agricultural Worker | 30 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : WAN AN (M) SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२२ LT. No. 284006 चलानी नं. ६०१९९५०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 5 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**

Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : ACOTECH SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284062 चलानी नं. ६०१९९५५२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : INTEGRATED MATERIAL HANDLING EQUIPMENT SDN.BHD.

पुर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284063 चलानी नं. ६०१९९५५३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 10 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CALCBASE SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284059 चलानी नं. ६०१९९५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 8 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : RECAFI INTERNATIONAL SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284060 चलानी नं. ६०१९९५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Furniture | 4 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसारत | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने / प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Muskan Overseas Pvt. Ltd.**

Samakhushi -26, Kathmandu, Nepal, Tel: + 977-1-4359026, 4363094
Email: muskanoverseas786@gmail.com,Web: www.muskanoverseas.com.np

Govt. License 1342/074/75



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : OLYPAC ASIA SDN BHD

पुर्व स्वीकृति मिति २०७९/१२/२२ LT. No. 284052 चलानी नं. ६०१९९४७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 20 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : PLASPOWER INDUSTRIES (M) SB.

पुर्व स्वीकृति मिति २०७९/१२/२२ LT. No. 284053 चलानी नं. ६०१९९४७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker | 50 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय ललितपुरमा मिति: २०८० वैशाख ६ गते (19th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

Liberty HR Consultant Pvt. Ltd. श्रम ईजाजत नं. ९२२/०६७/०६८

**LIBERTY H.R. CONSULTANT PVT LTD**

Mahalaxmisthan-15, Lalitpur, Nepal, Phone: 01-5555945
E-mail: info@libertyhrconsultant.com, Web: www.libertyhrconsultant.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SPOTLESS GOLDEN CAR TRADING EST

पुर्व स्वीकृति मिति : २०७९/१२/२३ LT. No. 284194 चलानी नं. ६०१९९५३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Cleaner | 3 | 0 | 1000 | ३५,१२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**JERRY MANAGEMENT SYSTEM Pvt. Ltd.** Govt. License 1031/068/69

P.O.Box: 12235, Dhobhighat-4, Lalitpur. Tel: +977-1-5153487, Fax: 01-5524634
Web : www.jerryms.com, Email: jerryms03@gmail.com


**Provincial Government**
**Sudurpashchim Province**
**Ministry of Social Development**
**Health Directorate**

## District Ayurveda Health Center

**Dipayal, Doti**

## INVITATION FOR SEALED QUATATION FOR THE

**District Ayurveda Health Center Yog Hall Construction (Meeting Hall)**
**Contract Identification No: SQ/DAHC/01/079/080**
**Date of publication: 24th Chaitra 2079 (7th April 2023) Friday, 10:00 AM**

1. Office of District Ayurveda Health Center invites electronic sealed bids for Nepalese eligible bidders for the District Ayurveda Health Center Yog Hall (Meeting Hall) Construction under Sealed Quatation procedures. The estimated amount for the works is (in NRs) 1,266,995.98 (Exclusive of VAT, Contingencies).
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of District Ayurveda Health Centre, Dipayal, Doti, Contact No: 094-412189 or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.
3. Bidder must submit their bid electronically only and may download the bidding documents for e-submission from PPMO's Web Site www. bolpatra. gov.np./egp. Bidders, submitting their bid electronically, should submit Firm Registration Certificate, Business Registration Certificate (License), VAT and PAN Registration certificate, Tax Clearance certificate of FY 078/079 and should deposit Nrs. 1000 for bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids..

   Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: Rastriya Banijya Bank, SilgadhiDoti

   Name of Office: District Ayurveda Health Center Doti

   Office Code no: 3500271047

   Office Account no.: 1000100200010000

   Rajaswa (revenue) Shirshak no.: 14229
4. Sealed bids must be submitted to the office of District Ayurveda Health Center, Dipayal, Doti through PPMO website www.bolpatra.gov.np. Electronically only on or before 23rd April 2023 A.D. (10th Baisakh 2080 B.S.), 12:00 PM. Bids received after this deadline will be rejected.
5. Sealed bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 PM on 23rd April 2023 A.D. (10th Baisakh 2080 B.S.,), at the office of District Ayurveda Health Center, Dipayal, Doti. Bids must be valid for a period of 45 Days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid amounting to a minimum of NRs. 31, 500/- (Thirty One Thousand Five Hundred Only), which shall be valid for 30 days beyond the validity period of the bid. If Bidder wishes to submit the bid security in the form of cash, the cash should be deposited in Office Code: 3500271047, Deposit account No.: 4100100202030000 of Office of Pradeshik Lekha Ekai office at Rastriya Banijya Bank, Silgadhi and submit the receipt of the deposited amount of cash along the bid or scanned PDF copy in case of e-submission
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. Office of District Ayurveda Health Center, Dipayal, Doti reserve the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
8. In Case of Discrepancy or error in Tender notice, bid document and other document District Ayurveda Health Center Yog Hall (Meeting Hall) Construction reserves right to amend, correct at any time. Such amendment and correction shall be published in the national daily newspaper, notice board of the District Ayurveda Health Center, Dipayal, Doti.

**Office Cheif**

# प्रभाव दैनिक

शुक्रबार, २४ चैत २०७९ (Friday, April 07, 2023)


रूपशाला

## डुनोट व्यवसाय गर्दै हिमेश



कमेडी च्याम्पियन विजेता हिमेश पन्तले बेकरी व्यवसाय सुरू गर्ने भएका छन् । बेकरीमा पनि उनले दुनोटको व्यवसाय गर्न लागेका हुन् । उनले व्यवसाय गर्न लागेको दुनोट अहिले बजारमा पाइनेभन्दा भिन्न हुनेछ । जुन दुनोट २०४० तिर होटेल अन्नपूर्णमा बन्थ्यो । त्यो दुनोट उनका बुबाले अन्नपूर्णबाट सिकेपछि धादिङ लगेका थिए । धादिङ्मा यो चर्चित भएको थियो । अहिले आफूले बुबाले बनाउने दुनोटको व्यवसाय गर्न लागेको हिमेशले बताए । 'बुबाले तीन वर्ष अगाडि छाडेको दुनोट व्यवसाय म अब सुरू गर्दैछु', हिमेशले भने 'बुवाले काठमाडौँबाट धादिङ जुन दुनोट लानुभयो । म फेरि त्यो काठमाडौँमा ल्याएर ब्रान्डका रूपमा व्यवसाय गर्दैछु ।' बजारको भन्दा राम्रो दुनोट व्यवसाय गर्न लागेको उनको धारणा रहेको छ ।

# 'बहाव' आज रिलिज, प्रिमियर शोमा दर्शकको सकारात्मक प्रतिक्रिया




■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेत्री सुरक्षा पन्त अभिनित चलचित्र बहाब आज रिलिज हुँदैछ। शुक्रबारबाट रिलिज हुने फिल्म 'बहाव'ले बुधबार साँझ प्रिमियर गरेको छ । फिल्मकर्मी, सञ्चारकर्मी, पत्रकार तथा राजनीतिक दलका नेताको उपस्थितिमा गरिएको प्रिमियरपछि फिल्मकर्मी तथा नेताले फिल्मको विषयवस्तु फरक लागेको प्रतिक्रिया दिएका छन् ।

एमाले नेता रघुजी पन्तले 'बहाव' नेपाली फिल्म जगतमा सम्भावना बोकेको फिल्म बनेको प्रतिक्रिया दिए । 'फिल्मको विषयवस्तु नयाँ छ । नेपाली दर्शकका लागि यसले फरक स्वाद दिनेछ । फिल्मले हामीले समाजमा देख्दै र भोग्दै आएको विषयलाई गम्भीर किसिमले उठान गरेको छ', उनले भने ।

पूर्व स्वास्थ्य तथा जनसंख्या मन्त्री र सांसद पदम गिरीले फिल्मले समाजभित्रको अन्तरविरोधलाई देखाएको बताए । उनले समाजभित्र रहेको विभेदको जरा उखेल्न नसिरहेको अवस्थामा 'बहाव' ले त्यो जरा उखेल्न भूमिका निर्वाह गर्ने दाबी गरे । 'यस्तो फिल्मले समाजलाई बदल्न महत्वपूर्ण भूमिका खेल्छ । फिल्मले समाजको वास्तविक कथा बोलेको छ', उनले भने ।


निर्देशक नरेश पौडेलले 'बहाव' नेपालमा बनिरहेका फिल्म भन्दा फरक शैलीमा बनेको जनाए । उनले आफूले जापानी फिल्म हेरेको अनुभव गरेको खुलाए । 'फिल्म हेरिरहँदा जापानी फिल्म हेरेको अनुभव गरें । कथावस्तु फरक भएकाले पनि मलाई हेर्न मजा लाग्या', उनले भने ।

कलाकार भोलाराज सापकोटाले कथादेखि प्रस्तुतिकरण, कलाकारको अभिनय राम्रो लागेको बताए । अर्का कलाकार दीपक आचार्यले नेपाली परिवेशमा एउटा राम्रो फिल्म बनेको उल्लेख गरे । अर्का कलाकार विजय बरालले फिल्मको कन्सेप्ट आफूलाई मनपरेको बताए ।

अभिनेत्री लुनिभा तुलाधरले फिल्मले आफ्नो कथा भनेजस्तो अनुभव गरेको बताइन् । उनले मानसिक स्वास्थ्यको विषयलाई उठान गरेकोमा आभार व्यक्त गर्दै यस्ता कथामा अझ फिल्म बन्नुपर्ने सुझाव दिइन् । फिल्मका अभिनेता कमलमणि नेपालले फिल्ममा आफू कठोर देखिए पनि वास्तविक जीवनमा कमलो मनको भएको बताए । कोरोना महामारीको समयमा काम गरे पनि राम्रो सिर्जना दर्शकमाझ ल्याएको जनाए ।

# शाहरूखसँग ८० वर्षसम्म रोमान्स गर्न चाहन्छिन् रानी

■ एजेन्सी



**मुम्बई–** बलिउड अभिनेत्री रानी मुखर्जी हालका दिनमा आफ्नो रिलिज फिल्म 'मिसेज चटर्जी वर्सेज नर्वे'को सफलताको उत्सव मनाइरहेकी छन् । आशिमा छिब्बरको निर्देशन रहेको फिल्मले बक्सअफिसमा राम्रो प्रदर्शन गरिरहेको छ । फिल्ममा रानीको अभिनयको जो कोहीले तारिफ गरेका छन् ।

'राजाकी आएगी बारात'बाट बलिउडमा पाइला चालेकी उनले शाहरूख खानका साथ फिल्म 'कुछ कुछ होता हे'मा अभिनय गरेपछि सफलता पाइन् । उनले हालैमात्र शाहरूखसँगको रोमान्सलाई आफूले जारी राख्ने बताएकी छन् ।

उनले आफूले शाहरूखसँग अझै फिल्ममा काम गर्न चाहेको र ८० वर्षको उमेरसम्म शाहरूखसँगै रोमान्स गर्न चाहेको खुलासा गरेकी छन् । शाहरूख र रानीले 'कुछ कुछ होता हे', 'चलते चलते' र 'कभी अलविदा ना कहना' जस्ता फिल्ममा स्क्रिन सेयर गरेका छन् ।

# बन्द हुँदै 'ससुराल सिमर का २'

**मुम्बई–** भारतीय टेलिफिल्म 'ससुराल सिमर का २'का फ्यानका लागि एउटा निराशको खबर छ । दुई वर्षसम्म दर्शकलाई मनोरञ्जन दिँदै आएको शो अब बन्द हुने भएको छ । यसको सुरुवात सन् २०२१ को २६ अप्रिलबाट भएको थियो ।

यसको हालसम्म ६१९ भाग प्रसारण भइसकेको छ । तर दोस्रो संस्करणको शोले पहिलो संस्करणको जस्तो लोकप्रियता पाउन सकेन । सोहीकारण निर्माताले शोलाई बन्द गर्ने निर्णय लिएका छन् ।

शोमा अविनाश मुखर्जी, राधिका मुथुकुमार, तान्या शर्मा र करण शर्मा प्रमुख भूमिकामा छन् । यो शो सुरु हुँदा दर्शकमा नयाँ आशा थियो । उनीहरूले पहिलो सिजनजस्तै दोस्रो सिजन पनि लामो समयसम्म चल्ने सोचेका थिए । शोको सुरुवात पनि दीपिका कक्कड अर्थात सिमरबाट नै भएको थियो । सुरुवातमा दर्शकले कथा मनपराए पनि विस्तारै शोको टीआरपी पनि घट्दै गयो । त्यहीकारण पनि निर्माण पक्षले शोलाई बन्द गर्ने निर्णयमा पुगेका छन् ।

शो बन्द हुने कारण दीपिकालाई मानिएको छ । किनकी दीपिकाले जब शोको घोषणा गरिन्, तब दर्शक निकै उत्साहित थिए । राधिका मुथुकुमारले नयाँ सिमरको भूमिका राम्रोसँग निभाइन्, तर उनमा दर्शकले दीपिकालाई देख्न पाएनन् । दीपिकाको राम्रो फ्यान फलोइङ छ । शोमा उनले जे काम गरे पनि दर्शकले मनपराउँथे । तर दीपिकालाई प्रमुख भूमिका नदेख्दा दर्शक निराश बने ।

यो बन्द हुने अर्को कारण सुपरनेचुरल इमिलेन्ट पनि हो । केही समयअघि देखि नै शोमा सासु बुहारीको कथाको ठाउँमा सुपरनेचुरल इलिमेन्टलाई दर्शकले हेरेका थिए । प्रमुख कलाकार अविनाश, आरवबाट नाग बनेका थिए । राम्रो शोमा मानिसलाई नागका रूपमा देखाउनु दर्शकलाई पच्न सकेन । जसकारण टीआरपी पनि घट्यो । *एजेन्सी*

## रंगशाला

# फिफा वरीयतामा नेपालको एक स्थान सुधार



**काठमाडौं (प्रस)–** विश्व फुटबलको सर्वोच्च निकाय (फिफा) को विश्व वरीयतामा नेपालले एक स्थान सुधार गरेको छ ।

फिफाले बिहीबार निकालेको नयाँ वरीयता अनुसार नेपाल १७४ औं उक्लिएको छ । नेपाल अघिल्लो महिनामा १७५ औं स्थानमा रहेको थियो ।

दक्षिण एसियातर्फ नेपाल तेस्रो स्थानमा छ । १०१ औं स्थानमा रहेको भारत नेपाल भन्दा अघि रहेको स्थानमा छ । १५४ औं स्थानमा रहेको माल्दिभ्स दक्षिण एसियामा दोस्रो स्थानमा छ ।

यस्तै नेपालपछि भुटान १८५ औं स्थानमा रहदा बंगलादेश १९२ औं स्थानमा रहेको छ । पाकिस्तान १९५ औं स्थानमा रहदा श्रीलंका २०७ औं स्थानमा छ ।

अर्जेन्टिना वरीयताको शीर्ष स्थानमा उक्लिएको छ । अघिल्लो वरीयतामा अर्जेन्टिना दोस्रो स्थानमा रहेको थियो ।

विश्व वरीयताको दोस्रो स्थान फ्रान्स र तेस्रो स्थानमा ब्राजिल रहेको छ ।

यस्तै बेल्जियम चौंथो स्थानमा र इंग्ल्यान्ड पाँचौं स्थानमा रहेको छ । नयाँ वरीयतामा नेदरल्यान्ड्स, क्रोएसिया, इटाली, पोर्चुगल र स्पेन छैटौंदेखि दशौं स्थानमा रहेका छन् ।

## भरत, निशान र प्रशान्त सेमिफाइनलमा

**काठमाडौं (प्रस)–** सुदूरपश्चिम प्रदेशका भरत चन्द, गण्डकी प्रदेशका निशान गुरुङ र कोशी प्रदेशका प्रशान्त दाहाल वीर गणेशमान सिंह राष्ट्रिय बक्सिङ प्रतियोगितामा बिहीबार सेमिफाइनलमा प्रवेश गरेका छन् । लैनचौरस्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रको हलमा भएको पुरुष ७१ केजी तौलसमूहमा भरतले एपीएफका झलक रोका, निशानले नेपाल प्रहरीका मिलन तामाङ र प्रशान्तले लुम्बिनी प्रदेशका विकास राना मगरलाई पराजित गरे ।

पुरुष ८० केजीमा लुम्बिनीका हेमराज रावलले गण्डकीका मनीष बिसी, कर्णाली प्रदेशका दर्शन घर्ती मगरले सुदूरपश्चिमका बालाजी रावल तथा बागमती प्रदेशका मनोज तामाङले कोशीका सनम गुरुङलाई हराउदै सेमिफाइनलमा स्थान सुरक्षित गरे ।

गणेशमानसिंह फाउन्डेसनअन्तर्गत वीर गणेशमान सिंह खेलकुद समितिद्वारा आयोजित प्रतियोगिताको पुरुष ९२ केजीमा बागमतीका उमङ महर्जनले लुम्बिनीका सुजन थापा मगरलाई पाखा लगाउदै सेमिफाइनलमा पुगे । यसै स्पर्धामा गण्डकीका मुन्ना गुरुङले कोशीका इशक जनक शाही तथा सुदूरपश्चिमका ललित भट्टले कर्णालीका प्रकाशकुमार विष्टबाट वाक ओभर पाउदै सेमिफाइनलमा स्थान बनाए ।

# ह्विलचेयर बास्केटबलको उपाधि आर्मी र डब्ल्युडब्ल्युबिएलाई



■ प्रभाव संवाददाता

**काठमाडौं–** इन्टरभ्याली ह्विलचेयर बास्केटबल टुर्नामेन्ट २०७९ को उपाधी पुरुष तर्फ नेपाली सेनाको त्रिभुवन आर्मी क्लब र महिला तर्फ ओमेन ह्विलचियर बास्केटबल एशोसियसन (डब्ल्युडब्ल्युबिए) ले हात पारेका छन् ।

नेपाल स्पाईनल कर्ड इन्जुरी स्पोर्टस् एशोसियसनको आयोजनामा भएको प्रतियोगिताको निकैनै रोमाञ्चक फाईनल खेलमा आर्मीले जावलाखेल ह्विलचेयर स्पोर्टस् क्लबलाई ४४ - ३३ अंकले पराजित गर्दै उपाधी उचालेको हो । पहिलो क्वाटरमा ८-१० ले पछाडी परेको आर्मी खेलमा फर्कदै दोश्रो क्वाटरमा १० - ९, तेश्रो क्वाटरमा १४ - १० र चौथो क्वाटरमा १२ - ४ ले अग्रता कायम गर्दै जित आत्मसाथ गर्न सफल भएको हो ।

आर्मीको जितमा दान थिङ्को २२ अंकको योगदान रह्यो । यस्तै आर्मीका रमेश खत्री मोस्ट भ्यालुएबल खेलाडी घोषित भए । तेश्रो स्थानमा बुद्धिसरा इन एक्सन रह्यो ।

राष्ट्रिय खेलकुद परिषद्को त्रिपुरेश्वरस्थित कभर्डहलमा भएको प्रतियोगिताको महिला तर्फ ओमेन ह्विलचियर बास्केटबल एशोसियसनले आयोजक नेपाल स्पाईनल कर्ड इन्जुरी स्पोर्टस् एसोशियसनलाई पराजित गर्दै उपाधी कब्जा गरेको हो ।

डब्ल्युडब्ल्युबिएले रजनी चामलिङ्ग राईको १३ अंकको योगदानमा फाईनलमा आयोजकलाई १९-२ अंकको अन्तरले पराजित गरेको हो । रनजी मोस्ट भ्यालुएबल खेलाडी पनि घोषित भईन् । तेश्रो स्थानमा ह्विलचियर स्पोर्टस् एशोसियसन नेपाल रह्यो ।

बिजयी शिर्ष तीन टिमले क्रमश नगद ४० हजार, ३० हजार र २५ हजारका साथै मेडल, ट्रफी र प्रमाण पत्र प्राप्त गरे ।

दुई दिन सम्म संचालन भएको प्रतियोगिताका विजयी टिमलाई प्रमुख अतिथी राष्ट्रिय खेलकुद परिषद्का सदस्य सचिव टंकलाल घिसिङ, बागमती प्रदेश साँसद लक्ष्मी घिमिरे लगायतले पुरस्कार वितरण गरेका थिए ।

बिजयी टिमलाई सम्वोधन गर्ने क्रममा प्रमुख अतिथी राखेपका सदस्य सचिव घिसिङले अपाङ्गता भएको व्यक्तिहरूको यस्ता प्रतियोगिताले सपाङ्गलाई चुनौती दिएको भन्दै अस्तित्वमा रहेको दुई पारालम्पिक संघलाई एक बनाउँदै अफिसियल रूपमा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता गराउन परिषदले कदम चाल्ने बताए ।

प्रतियोगितामा पुरुष तर्फ आयोजक नेपाल स्पाईनल कर्ड इन्जुरी स्पोर्टस् एशोसियसन, स्पाईनल कर्ड इन्जुरी नेटवर्क नेपाल, त्रिभुवन आर्मी क्लब, बुद्धिसरा इन एक्सन र जावलाखेल ह्विलचेयर स्पोर्टस् क्लब गरि ५ टिम तथा महिला तर्फ आयोजक नेपाल स्पाईनल कर्ड इन्जुरी स्पोर्टस् एशोसियसन, बुद्धिसरा इन एक्सन, ओमेन ह्विलचियर बास्केटबल एशोसियसन र ह्विलचियर स्पोर्टस् एशोसियसन नेपाल गरि ४ टिमले उपाधीका लागि प्रतिस्पर्धा गरेका थिए ।

# पुरुष हक्कीमा आर्मी र पुलिस विजयी

■ प्रभाव संवाददाता

**विराटनगर–** शिखर पुरुष गिरिजाप्रसाद कोइराला स्मृति चौथो राष्ट्रिय पुरुष हक्की प्रतियोगितामा नेपाल आर्मी र नेपाल पुलिस विजयी भएका छन् । बिहीबार विराटनगरको सहिद रंगशालामा भएको खेलमा आर्मी र पुलिस विजयी भएका छन् भने कोसी र मधेस प्रदेशबीचको खेल बराबरी खेल्दै अंक बाँडे ।

कोसी र मधेस प्रदेशबीच भएको खेलमा दुवै टोलीले २-२ गोलको बराबरी खेल्दै १-१ अंक बाँडेका छन् । कोसीका लागि विसु घिमिरे र मनोज चौधरीले गोल गरे भने मधेस प्रदेशका लागि पंकज दाहाल र राहुल साहले गोल गरे । खेलको म्याद अफ द म्याच कोसीका मनोज चौधरी भए ।

दोस्रो खेलमा नेपाल पुलिसले गण्डकी प्रदेशलाई ८-० गोलअन्तरमा पराजित गरेको छ । पुलिसका लागि महेश धामीले



५ गोल, आयुष साह, केशव जोशी र रोहित लामाले समान १-१ गोल गरेका थिए । म्यान अफ द म्याच पुलिसका महेश धामी भए ।

त्यस्तै, तेस्रो खेलमा नेपाल आर्मीले कर्णाली प्रदेशलाई १३-० फराकिलो गोल संख्यामा पराजित गरेको छ । आर्मीका रोमन रानाले ६ गोल, प्रदीप राजवंशीले ३, अमरबहादुर गुरुङले २ गोल, रंजित राउत, देवसिंह धामीले समान १-१ गोल गरेका थिए । म्यान अफ द म्याच आर्मीका रोमन राना भए ।

आर्मी २ खेल जित्दै ६ अंकका साथ शीर्ष स्थानमा छ । पुलिस १ खेल जित्दै ३ अंक प्राप्त गरेको छ । कोसी र मधेस प्रदेशको १-१ अंक तालिका रहेको छ । चैत २७ गतेसम्म हुने प्रतियोगितामा नेपाल आर्मी, नेपाल पुसिल, कोशी प्रदेश, मधेस प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशको सहभागिता छ ।

प्रतियोगिताको विजेताले ७५ हजार, उपविजेताले ४१ हजार र तेस्रो हुने टोलीले २५ हजार रूपैयाँ प्राप्त गर्ने छन् । प्रतियोगिताअन्तर्गत शुक्रबार पहिलो खेल सुदूरपश्चिम प्रदेश र कोसी प्रदेश, दोस्रो खेल नेपाल आर्मी र गण्डकी प्रदेश तथा तेस्रो खेल नेपाल पुलिस र कर्णाली प्रदेशबीच प्रतिस्पर्धा हुनेछ ।

# अमेरिकामा आँधी: ५ जनाको मृत्यु, पाँच घाइते

**ग्लेन एलेन (मिसौरी)**– विगत दुई सातादेखि शृंखलाबद्ध आँधीका कारण आक्रान्त भएका अमेरिकाका विभिन्न राज्यको जनजीवन सामान्य बन्न नपाउँदै मिसौरी राज्य फेरि आँधीको चपेटामा परेको छ ।

बिहीबार बिहानै आएको आँधीमा परी पाँच जनाको मृत्यु भएको छ भने अन्य पाँच जना घाइते भएका छन् । आँधीले ग्लेन एलेन गाउँमा महाविनास भएको छ । देशका आठ राज्यमा आएका दर्जनौं आँधीका कारण हालसम्म ६३ जनाले ज्यान गुमाएका छन् । बोलिञ्जर काउन्टीका धेरै घर ढलेका छन् भने विद्युत् आपूर्तिमा अवरोध भएको छ ।

प्रारम्भिक विवरणअनुसार आँधीले ८७ वटा भौतिक संरचनामा क्षति पुगेको मिसौरी राज्यका एक अधिकारीले बताएका छन् । राज्यका गभर्नर माइक पार्सनले आँधी प्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सहयोग गर्ने बताएका छन् । उनले राष्ट्रपति जो बाइडेनबाट संघीय सहयोगको आश्वासन प्राप्त भएको जानकारी पनि दिएका छन् ।

यसअघि मिसिसिपीमा गत साता आएको आँधीमा परी २६ जनाको ज्यान गएको थियो । त्यहाँको सानो सहर रोलिङफार्क पूर्णरूपमा तहसनहस भएको थियो । करिब दुई हजार बासिन्दा रहेको उक्त स्थानको स्थलगत निरीक्षणमा पुगेका राष्ट्रपतिले आँधीबाट भएको जनधनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै शोक प्रकट गरेका थिए ।

निरपेक्ष गरिबीको रेखामुनि रहेका त्यहाँका करिब दुई हजार जनतालाई तत्काल सहायता परिचालन गर्न राष्ट्रपतिले संघीय सरकारलाई आदेश दिएका थिए । अस्थायी आवास, घरमर्मत, बिमा नगरिएको सम्पत्तिको नोक्सानी क्षतिपूर्तिस्वरूप ऋण अनुदानलगायत सुविधा उपलब्ध गराउन उनले आदेश दिएका थिए । *रासस/एपी*

# पञ्जाव प्रान्तमा मे १४ मा निर्वाचन हुने

**इस्लामावाद**– पाकिस्तानको निर्वाचन आयोगले सर्वोच्च अदालतको आदेशअनुसार आगामी मे १४ मा निर्वाचन गराउने घोषणा गरेको छ । बुधबार देशको सर्वोच्च अदालतले चुनाव गराउन निर्देशन दिएको थियो ।

सुरक्षा र आर्थिक संकटलाई देखाएर आयोगले यही अप्रिल १० देखि अक्टोबर ८ सम्म निर्वाचन गराउन नसकिने बताएपछि आयोगको उक्त निर्णयलाई चुनौती दिँदै सर्वोच्च अदालतमा मुद्दा दायर भएको थियो । प्रधानन्यायधीश उमर अता बन्दियाल नेतृत्वको तीन सदस्यीय इजलासले पञ्जाबको विधानसभा निर्वाचनको मिति तोकेरै फैसला गरेको हो ।

सर्वोच्च अदालतको निर्णयसँगै आयोगले पनि निर्वाचन कार्यतालिका सार्वजनिक गरेको छ । उम्मेदवारी दर्ता सम्बन्धमा मतदान अधिकृतको निर्णयविरुद्ध अपिल गर्ने अन्तिम मिति अप्रिल १० कायम गरिएको छ भने १७ अप्रिलभित्रमा उजुरीको छिनोफानो लगाएर अन्तिम उम्मेदवारको नामावली १८ अप्रिलमा सार्वजनिक गर्नुपर्नेछ । *रासस/पिटिआई*

# कोरियाली प्रायद्वीपलाई आणविक युद्धतर्फ धकेलेको उत्तर कोरियाको आरोप

**सोल**– कोरियाली प्रायद्वीपलाई अमेरिका र दक्षिण कोरियाले आणविक युद्धतर्फ धकेलेको आरोप उत्तर कोरियाले लगाएको छ । अमेरिका र दक्षिण कोरियाले गरेका संयुक्त सैन्य अभ्यासलाई लिएर प्योङयाङले उक्त आरोप लगाएको हो ।

संयुक्त सैन्य अभ्यास कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वका निम्ति जोखिमपूर्ण भएको र त्यसले आणविक युद्ध निम्त्याउन खोजेको सरकारी सञ्चारमाध्यम कोरियन सेन्ट्रल न्युज एजेन्सी (केसिएनए)ले जनाएको छ ।

अन्तर्राष्ट्रिय सुरक्षा विश्लेषक चो जु हयोनले संयुक्त सैन्य अभ्यासले प्रायद्वीपको स्थितिलाई विष्फोटक बनाउने प्रयास गरेको केसिएनएलाई बताएका छन् । उत्तर कोरियाले पनि आक्रमक कारबाही गर्नसक्ने चेतावनी उनले दिएका छन् । अमेरिका र उसका सहयोगीहरूले सैन्य उन्माद प्रस्तुत गरेर कोरियाली प्रायद्वीपको शान्ति र स्थायित्वमाथि खेलवाड गरेको आरोप उनले लगाएका छन् ।

पाँच वर्षको अन्तरालमा हालै अमेरिका र दक्षिण कोरियाले गरेका विशाल संयुक्त सैन्य अभ्यासलाई उत्तर कोरियाले आफूमाथिको आक्रमणको पूर्वाभ्यास भन्दै त्यसको कठोर शब्दमा निन्दा गर्दै आएको छ । संयुक्त सैन्य अभ्यासको विरोधमा उत्तरले पनि शृंखलाबद्धरूपमा साना-ठूला क्षेप्यास्त्रको परीक्षण जारी राख्यो । गत वर्ष ७० वटाभन्दा बढी क्षेप्यास्त्र परीक्षण गरेको प्योङयाङले यो वर्ष विभिन्न १० वटा परीक्षण कार्यक्रमअन्तर्गत कम्तीमा २० पटक 'ब्यालेस्टिक' र 'क्रुज मिसाइल' परीक्षण गरिसकेको छ ।

बारम्बार छोटो तथा लमो दूरीका क्षेप्यास्त्र परीक्षण गरेर उत्तर कोरियाले हिन्द-प्रशान्त क्षेत्रका अमेरिकी सैन्य अखडा र दक्षिण कोरियाली कमाण्ड सेन्टरलाई निशाना बनाएको सुरक्षा विश्लेषकहरूले बताएका छन् । उत्तर कोरियाले निरन्तर गरेका परीक्षणबाट टोकियो, सोल र वासिङ्टनबीचको सहकार्यलाई अझ सुदृढ बनाउने उनीहरूको तर्क छ ।

उत्तर कोरियाली नेता किम जोङ उनले यो महिनाको प्रारम्भमा वास्तविक युद्धका लागि तयारी गर्न तथा सैन्य अभ्यास तीव्र तुल्याउन सम्बद्ध निकायलाई निर्देशन दिएका थियो । उत्तर कोरियाले आफ्नो शक्तिशाली क्षेप्यास्त्र भने बिहीबारसम्म प्रक्षेपण गरेको छैन । आफूलाई अपरिवर्तनीय आणविक शक्ति घोषणा गरेको उसले क्षेप्यास्त्र परीक्षणलाई आफ्नो अधिकार एवं प्राथमिकता भन्दै आएको छ । *रासस/एपी*


**कम्पनीको नाम परिवर्तन उद्देश्य संशोधन र पुँजी वृद्धि सहितको प्रबन्धपत्र र नियमावलीमा संशोधन गरिएको सूचना**

**तेस्रोपटक प्रकाशित मिति : २०७९/१२/२४**

यस कम्पनीको मिति २०७९/१२/०९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविक कम्पनी **प्रोफिसियन्ट होलिडेज इन्टरनेशनल ट्राभल्स प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि **स्ट्रीम ट्राभल्स सर्भिसेज प्रा.लि.** (परिवर्तित नाम)कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७९/१२/२० गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **स्ट्रीम ट्राभल्स सर्भिसेज प्रा.लि.(प्रा.लि.नं.१६७३६३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAWAED READY MIX CONCRETE FACTORY

पूर्व स्वीकृति मिति: २०७९/१२/२३ LT. No. 284196 चलानी नं. ६०१९९५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver Public | 3 | 0 | 1800 | ६३,२१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | General Worker | 3 | 0 | 1000 | ३५,३२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**G.R. Manpower Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ८६१/०६६/०६७

Samakhusi- 26, Kathmandu, Nepal. Tel : +977-1-4355695

E-mail: grmanpower861@gmail.com



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAEL GENERAL CONTRACTING OWNED BY NAYEL RASHED ALSHAMSI-SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति २०७९/१२/११ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२२ LT. No. 260385 चलानी नं. ६०१७६५७५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gardener | 25 | 0 | 900 | ३१,७८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | HOUSE BUILDER | 50 | 0 | 900 | ३१,७८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GULF MANAGEMENT INTERNATIONAL PVT.LTD**

श्रम ईजाजत नं. ७८८/०६५/०६६

P.O.Box :- 10440, Tokha-9, Gongabu, Kathmandu, Nepal,

Tel. :- +977-1-5906493, 4970134, Mobile: 9851231432, 9849205504

E-mail :- gulfmanagementinter@gmail.com, Web Site :-www.gulfmmi.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MADAR AL-RASHAA CONTRACTING EST

पूर्व स्वीकृति मिति : २०७९/१२/२३ LT. No.284261 चलानी नं. ६०१९९५६८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Upload and Download Agent | 3 | 0 | 1200 | ४२,१४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**EARTH SMART HUMAN RESOURCES NEPAL PVT.LTD.**

श्रम ईजाजत नं. १०५०/०७३/०७४

Sinamangal, Kathmandu-9, Phone No. +977-01-4574652, 4574653

Website: www.earthsmart-nepal.com Email : earthsmartnepal1050@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GLOBAL POWER ENGINEERING COMPANY LTD

पुर्व स्वीकृति मिति २०७९/१२/२३ LT. No. 284233 चलानी नं. ६०१९९५३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 10 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Cosmo International Overseas Pvt. Ltd.** (Overseas Employment Consultants)

Govt. License 280/058/059

P.O. Box No.: 9140 Minbhawan, Kathmandu, Nepal

Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189

E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn



## मलेशिमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SATRIA INTELLIGENCE AGENCY SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०९/२५ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No.260791 चलानी नं. ६०१९४७१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | seurity guard | 50 | 0 | 1200 | ३५७९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4479491/4479492

Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Q STAR TRADING

पूर्व स्वीकृति मिति २०७८/११/१८ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१२/२३ LT. No. 258605 चलानी नं. ६०७५२७९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Salesman | 1 | 0 | 1500 | ५४,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labourer | 1 | 0 | 1000 | ३६,१८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**IMPERIAL OVERSEAS PVT. LTD.**

Govt. Lic. No. 816/065/066

Sinamangal-9, Gairidhara, Kathmandu, Nepal.Tel : +977-1-014585530, Fax : +977-1-4485522,

Email: imperialovs2009@gmail.com,, imperialoverseas@hotmail.com,Website:- imperialoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : S3 TECHNOLOGIES SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/१२/१४ LT. No. 283139 चलानी नं. ६०१९८९५९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Welder | 10 | 0 | 1500 | ४४,७४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**ALL RAHIM MANPOWER PVT. LTD.**

श्रम ईजाजत नं. १२६४/०७४/०७५

Chandol-4, Chappalkarkhana, Kathmandu, Nepal Tel: +977-1-4544429,

Mob. 9851141406, 9803922236 E-mail: allrahimhr@gmail.com /

info@allrahimmanpower.com, Website : allrahimmanpower.com



## रोमानिया/मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : INTERNATIONAL WORK FINDER (ROMANIA)

पूर्व स्वीकृति मिति २०७९/०४/०६ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 267209 चलानी नं. ६०१८४१२६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 27 | 6 | 550 | ७२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MULTI PROFESSIONAL SOLUTIONS SRL

पूर्व स्वीकृति मिति २०७९/०८/१८ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 276692 चलानी नं. ६०१९२७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब USD | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker | 54 | 0 | 550 | ७२,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: ४०,०००

कम्पनी : KILANG TIN CAN (SEL) SDN.BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/१३ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 270369 चलानी नं. ६०१८६३४५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Worker (Factory) | 6 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : MASUKA BINA SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०५/२९ पुन विज्ञापन स्वीकृति मिति २०७९/१२/२३ LT. No. 271813 चलानी नं. ६०१८७९५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 81 | 0 | 1500 | ४४,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**AMCON OVERSEAS PVT. LTD**

श्रम ईजाजत नं. ६८४/०६३/०६४

Chappal Karkhana, Kathmandu, Tel: 01-4373522, 4373977

E-mail: amconoverseas123@gmail.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ILLUMINATED CROW CONTRACTING EST.

पूर्व स्वीकृति मिति २०७९/१०/०९ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१२/२३ LT. No. 279951 चलानी नं. ६०१९५४८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Electrician | 15 | 0 | 1600 | ५४,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labor | 15 | 0 | 1000 | ३५,३२० | | | | | | | |

कम्पनी : ASWAR ALBENAN OPERATION & MAINTENANCE COMPANY

पूर्व स्वीकृति मिति :०७९/११/०५ पुन विज्ञापन स्वीकृति मिति: २०७९/१२/२३ LT. No. 281279 चलानी नं. ६०१९६७५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Offices & Facilities Cleaning Worker | 20 | 0 | 1000 | ३५,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० वैशाख १ गते (14th Apr. 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | दिने | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रोजगारदाता आफैले सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Advance Recruitment Service Pvt. Ltd.**

श्रम ईजाजत नं. ४४४/०६०/०६१

Gaushala, Ktm, Nepal,Tel: +977-1-4486946/4492505, Fax: +977-01-4485069

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – ११०२०० | प्रति तोला – १०९६५० | प्रति तोला – १४३५ |

# अर्थतन्त्र आत्तिनुपर्ने अवस्थामा छैन : अर्थमन्त्री

■ प्रभाव संवाददाता



**काठमाडौं–** अर्थमन्त्री डा. प्रकाशशरण महतले मुलुकको अर्थतन्त्र आतिहाल्नुपर्ने अवस्थामा नरहेको बताएका छन् । अर्थ मन्त्रालयमा नेपाल आर्थिक पत्रकार समाज (सेजन) सँगको छलफलमा उनले अर्थतन्त्रका सूचक सकारात्मक रहे पनि सम्भावित जोखिमबारे सजग रहेर सुधारको दिशामा अघि बढ्नुपर्ने खाँचो औंल्याए । उनले भने, 'अर्थतन्त्रमा केही समस्या छन् तर त्यसलाई न्यूनीकरण गर्न सकिन्छ । खर्च कम गरेर उत्पादनशील क्षेत्रमा लगाउने र जनतामा देखिएको नैराश्यलाई कम गर्न केही सुधारका काम गर्नु अपरिहार्य छ ।'

अर्थमन्त्री डा. महतले अनावश्यक खर्च कम गर्ने र पूँजीगत खर्चलाई उत्पादनशील क्षेत्रमा खर्च गर्ने योजना रहेको उल्लेख गरे । उनले भने, 'अनावश्यक खर्च कम गर्ने र पूँजीगत खर्च 'मस्ट प्रोडक्टिभ' क्षेत्रमा गर्ने योजना छ ।' उनले आयात प्रतिबन्ध हुँदा विदेशबाट विभिन्न च्यानलबाट अवैधरूपमा मोबाइल फोन भित्रिँदा रु ३० देखि ३५ अर्ब राजस्व गुमेको उल्लेख गरे ।

पूर्वाधार, घरजग्गा कारोबारमा आएको मन्दी र बैंकको ब्याजदर बढेकाले व्यापारमा समस्या आएको उनको भनाइ थियो । विगतमा लक्ष्य बराबर राजस्व उठ्ने गरेको भए पनि यो वर्ष बजारमा माग नबढ्दा आयात बढ्न नसकेपछि लक्ष्यअनुसार राजस्व संकलन हुन नसकेको उनको भनाइ थियो ।

अर्थ सचिव तोयम रायाले बजारमा हल्ला भए जस्तो अर्थतन्त्र नकारात्मक दिशामा नरहेको बताए । उनले लक्ष्यअनुसार राजस्व संकलन हुने देखिएको र विप्रेषण पनि सन्तोषजनक अवस्थामा रहेको उल्लेख गरे ।

पत्रकार प्रतीक प्रधानले आगामी आर्थिक वर्षको बजेटमा आधारभूत सेवा सुधार, रोजगारी सिर्जना गर्नेतर्फ ध्यान दिन सुझाव दिए । सेजनका अध्यक्ष जनार्दन बरालले मुलुकको अर्थतन्त्र र सुधारबारे प्रस्तुतीकरण दिएका थिए ।

**'बजेट अर्थतन्त्र सदृढ केन्द्रित'**

अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्रलाई सुदृढ बनाउन आफूले पहिलो प्राथमिकता दिने जानकारी दिएका छन् । उनले भने, 'नयाँ बजेटको तयारीमा सरकार जुटेको छ, बजेटको मुख्य ध्येय नै अर्थतन्त्रलाई बलियो बनाउने नै हुनेछ ।'

सम्पादक समाजका पदाधिकारीसँग भएको भेटमा अर्थमन्त्री डा महतले सत्तागठबन्धन दलबीचको सहमतिमा सरकारको न्यूनतम साझा कार्यक्रमका आउने जानकारी दिए ।

समाजका पदाधिकारीले अर्थमन्त्री डा महतलाई भेट गरी बधाई एवं सफल कार्यकालको शुभकामना दिएका थिए । सो अवसरमा समाजका संरक्षक किरण वैद्य, अध्यक्ष पुरु रिसाल, वरिष्ठ उपाध्यक्ष पुष्पराज प्रधान, महासचिव श्यामकाजी डोटेल, सचिव नारायण उपाध्याय, सदस्यद्वय विष्णुप्रसाद नेपाल र माधव दुलाल सहभागिता थियो ।

## निजी क्षेत्रको मनोबल बढाउन आग्रह

**काठमाडौं (प्रस)–** नेपाल उद्योग परिसंघले निजी क्षेत्रको मनोबल बढाउने गरी काम गर्न भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रीसमक्ष आग्रह गरेको छ ।

परिसंघका कार्यवाहक अध्यक्ष राजेशकुमार आग्रवाल नेतृत्वको टोलीले भौतिक पूर्वाधार तथा यातायात व्यवस्थामन्त्री प्रकाश ज्वालालाई भेटेर निजी क्षेत्रको मनोबल बढाउने गरी काम गर्न आग्रह गरेका हुन् । परिसंघले अर्थतन्त्रमा गतिशिलता ल्याउन निर्माण क्षेत्रलाई चलायमान बनाउन आग्रह गरेको छ । कार्यवाहक अध्यक्ष अग्रवालले मागमा आएको उच्च संकुचन, उच्च ब्याजदर, लगानी योग्य पूँजीको अभाव, निर्माण क्षेत्रमा भएको ढिलाइलगायत विषयमा मन्त्रीको ध्यानाकर्षण गराएका थिए ।

उनले निर्माण क्षेत्रलाई चलायमान बनाउन सके मुलुकको अर्थतन्त्रलाई गतिशील बनाउन सहयोग पुग्ने बताए । निर्माण क्षेत्रमा दिइनुपर्ने भुक्तानी छिटो निकासा गर्नुपर्ने उनको भनाइ थियो । परिसंघले न्यून मूल्यमा बोलकबोल गर्नेलाई परियोजना दिने विषयमा सुधार गर्न, धेरै परियोजनामा बजेट छर्नुभन्दा निश्चित परियोजना समयमै सक्ने गरी अगाडि बढ्नुपर्ने सुझाव मन्त्रीलाई दिएको छ ।

परिसंघसँगको भेटमा मन्त्री ज्वालाले न्यून मूल्यमा बोलकबोलको विषय विगतमा सुधार गर्न खोजिए पनि प्रभावकारी हुन नसकेको बताउँदै आगामी दिनमा यसलाई सुधार गर्दै अगाडि बढ्ने बताएका थिए । उनले परिसंघले अगाडि सारेको वर्तमान अर्थतन्त्रको अवस्था र सुधारका लागि चालिनुपर्ने उपायलाई सरकारले गम्भीर रूपमा लिएको बताए ।

# अरुण तेस्रो छुट जग्गाको मुआब्जा प्रक्रिया अघि बढ्यो



■ प्रभाव संवाददाता

**संखुवासभा–** संखुवासभामा निर्माणधीन अरुण तेस्रो जलविद्युत् आयोजनाको प्रवेशमार्ग छयांकुटी-दिदिङ सडकखण्डको छुट जग्गाको मुआब्जा प्रक्रिया अगाडि बढेको छ ।

छयांकुटी-दिदिङ २४ किमी प्रवेशमार्गको छुट जग्गाको मुआब्जा प्रक्रिया अगाडि बढेको हो । जिल्ला प्रशासन कार्यालयमा प्रमुख जिल्ला अधिकारी कुमार वीरेन्द्र यादवको अध्यक्षतामा बिहीबार बसेको बैठकले अरुण तेस्रो छुट जग्गाको मुआब्जा प्रक्रिया अगाडि बढाउने निर्णय गरेको हो ।

विसं २०४६ मा मुअब्जा वितरण भएको तर २०५१/५२ मा नापी हुँदा सरकारी स्वमित्वमा लगत कट्टा हुनुपर्नेमा व्यक्तिको नाममा भएपछि विसं २०६६/६७ मा लगत कट्टा हुदाँको छुट जग्गाको मुआब्जा दिइने भएको हो । छुट जग्गाको मुआब्जा दिन १५ दिने सूचनासमेत प्रकाशन गरिसकिएको प्रमुख जिल्ला अधिकारी यादवले बताए ।

पन्ध्र दिने सूचना प्रकाशनपछि मुआब्जा निर्धारण समितिको बैठकले मूल्य तोकेपछि मुआब्जा वितरण सुरु हुने बताइएको छ । प्रवेशमार्गको 'एलाइमेन्ट चेन्ज' हुँदा कतिपय मुआब्जा नै नलिएका व्यक्तिको जग्गाबाट समेत सडक खनिएको थियो । छुट भएको चार सय ५१ रोपनी जग्गाको मुआब्जा दिइने मुआब्जा निर्धारण समितिका संयोजक सहायक प्रजिअ मोहनमणि घिमिरेले बताए ।

मुआब्जा निर्धारण समितिको प्रतिवेदनका आधारमा विसं २०७८ चैत १७ गतेको मन्त्रिपरिषद् बैठकले छुट जग्गाको मुआब्जा दिने निर्णय गरेको थियो । छ्यांकुटीबाट विद्युत्गृह पुखुवासम्मको छुट जग्गाको मुआब्जा नपाएको भन्दै स्थानीयले पटक-पटक अवरोध गर्दै आइरहेका छन् ।

अरुण तेस्रो आयोजनाको करिब ६५ प्रतिशत काम सम्पन्न भइसक्दा पनि प्रवेशमार्गको मुआब्जा विवाद अझै समाधान हुनसकेको छैन । सफ्वासभाको मकालु गाउँपालिका-५ फ्याक्सिन्दामा बाँधस्थल निर्माणधीन छ भने चिचिला गाउँपालिका-३ पुखुवामा विद्युत्गृह निर्माण भइरहेको छ । नौ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत् आयोजनाको काम भारतीय सतलज कम्पनी (एसजेभिएन)ले गरिरहेको छ । आयोजनाको कुल लागत रु एक खर्ब चार अर्ब हुने अनुमान गरिएको छ ।

## कर्पोरेट

### कामना सेवाद्वारा सर्भिस बुथ हस्तान्तरण




**काठमाडौं (प्रस)–** कामना सेवा विकास वैंकले जुत्ता मेन्डरको लागि बुथ प्रदान गरेको छ । बैंकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत काठमाडौं महानगरपालिका वडा नं. ३ को कार्यालय र जोड इनिसियटिभसँगको सहकार्यमा बाँसवारी, काठमाडौं स्थित जुत्ता मेन्डरको लागि निर्माण गरिएको एक बूथ प्रदान गरेको हो । उक्त बूथले स्थानिय उद्यमीलाई व्यवसाय गर्न सुविधा युक्त वातावारण वनाउने उद्देश्य रहेको छ ।

उक्त बूथको उद्घाटन काठमाडौं महानगरपालिका वडा नं.३ का वडा सदस्य कृष्णराज चालिसेले गरेका थिए । बूथ बाँसवारी स्थित जुत्ता मेन्डर नरेश महरालाई हस्तान्तरण गरिएको थियो । वैकले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत गर्ने यस्ता कार्यले जुत्ता मेन्डरहरूलाई एक व्यवस्थित स्थान प्रदान गरि उनिहरूको आफ्नो जीविकोपार्जन गर्न सहयोग पुगोस भन्ने उद्देश्य रहेको वैंकले लिएको छ ।

### सूर्य नेपालको मिन्टो बाइट टफि बजारमा




**काठमाडौं (प्रस)–** सूर्य नेपाल प्रा.लि.ले आफ्नो नयाँ कन्फेक्सनरी उत्पादन मिन्टो बाईट नेपाली बजारमा सार्वजनिक गरेको छ । 'फ्रेसनेस इन एभ्री बाइट'को नारासहित प्रवर्द्धन गरिएको यो उत्पादन 'मिन्ट' स्वादमा ट्वीस्ट व्यापप्याकमा उपलब्ध हुनेछ ।

आकर्षक मूल्यसहित मिन्टो बाइट पाँच रूपैयाँमा २ वटा उपलब्ध हुनेछ । अद्भुत शितलताको आभाषको साथै रिफ्रेशिङ्ग अनुभव पनि गराउने कम्पनीले जनाएको छ ।

मिन्ट स्वादले ताजाश्वासको साथै आत्मविश्वास पनि जगाउनेछ । अक्वा निलो र्यापरमा उपलब्ध यस टफी बजारमा अरु उपलब्ध मिन्ट स्वादका कन्फेक्सनरी उत्पादनभन्दा आकर्षक र भिन्न देखिने कम्पनीले जनाएको छ ।

### सिटिजन्स बैंक र दिर्घायु गुरू हस्पिटलबीच समझदारी



**काठमाडौं (प्रस)–** सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड र चाबहिलस्थित दिर्घायु गुरू हस्पिटल प्रा.लि. बीच सिटिजन्स बैंकका कार्डबाहक ग्राहकहरूलाई विशेष छुट दिने समझदारीपत्रमा हस्ताक्षर भएको छ ।

समझदारीपत्रमा हस्ताक्षर पश्चात् सिटिजन्स बैंकका कार्डबाहकहरूले दिर्घायु गुरू हस्पिटलमा १० प्रतिशत सम्मको आकर्षक छुट पाउनेछन् । यस किसिमको सहकार्यबाट बैंकका ग्राहकहरू लाभान्वित हुने साथै नगद कारोबारबाट डिजिटल कारोबार तर्फ उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ । बैंकले डिजिटल बैंकिङ्ग माध्यमहरूको प्रयोगलाई बढाउन र ग्राहकहरूलाई डिजिटल माध्यमबाट भुक्तानी गर्न प्रोत्साहन गर्न समय समयमा ग्राहकमैत्री सुविधाहरू सञ्चालनमा ल्याउँदै आएको छ । डिजिटल कारोबार गर्दा पाइने छुट सम्बन्धी विस्तृत विवरणहरू सिटिजन्स बैंकको वेबसाइटमा प्राप्त गर्न सकिनेछ ।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले देशैभरी फैलिएका आफ्ना १८२ वटा शाखा, १३९ वटा ए.टि.एम. र ९७ वटा शाखा रहित बैंकिङ्ग ईकाईहरूबाट १५ लाख ४० हजार भन्दा बढि ग्राहकवर्गलाई आधुनिक बैंकिङ्ग सेवाहरू प्रदान गर्दै आएको छ ।

# नेप्से परिसूचकमा गिरावट

## ८.२८ अंकले घट्दा ९२ करोडको कारोबार

■ प्रभाव संवाददाता




**काठमाडौं–** नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा बिहीबार सामान्य अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक आठ दशमलव २८ अंकले घटेर एक हजार आठ सय ६६ दशमलव ७९ अंकमा कायम भएको हो ।

नेप्सका अनुसार दुई सय ६९ वटा कम्पनीको २८ लाख ७० हजार आठ सय १९ कित्ता सेयर २३ हजार तीन सय ८८ पटक खरिदबिक्री हुँदा रू ९२ करोड छ लाख ८६ हजार बराबरको कारोबार भएको छ ।

बैंकिङ, निर्जीवन बिमा र व्यापार समूहको उपसूचक बढेको छ भने बाँकी सबै समूहको उपसूचक घटेको छ । नेप्सेका अनुसार बैंकिङ समूह शून्य दशमलव ५४, निर्जीवन बिमा समूह एक दशमलव ६९ र व्यापार समूह चार दशमलव ०४ अंकले बढेको छ । सबैभन्दा धेरै विकास बैंक समूहको उपसूचक ४२ दशमलव १२ र जलविद्युत् समूहको उपसूचक २८ दशमलव ५८ अंकले घटेको छ ।

वित्त समूह २२ दशमलव ६०, होटल तथा पर्यटन समूह नौ दशमलव ४१, लगानी समूह शून्य दशमलव ६३, र जीवन बिमा समूह १८ दशमलव ६२ अंकले घटेको नेप्सेले जनाएको छ । उत्पादन तथा प्रशोधन समूह १९ दशमलव ३७, लघुवित्त समूह १३ दशमलव १४, म्युचुअल फन्ड समूह शून्य दशमलव ११ र अन्य समूह १० दशमलव ९७ अंकले घटेको छ ।

कालिञ्चोक दर्शन लिमिटेड र सिटिजन्स म्युचुअल फन्ड-२ को सेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ भने सामलिङ पावर कम्पनी लिमिटेडको सेयर मूल्य सबैभन्दा धेरै सात दशमलव ४३ अंकले घटेको छ । कारोबार रकम र सेयर सफ्याका आधारमा सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको रू चार करोड ९२ लाख बराबरको एक लाख २० हजार पाँच सय ५८ कित्ता सेयर कारोबार भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ